# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

खास गरेर सुनाई शिक्षण भनेको कुनै पनि कुरा समग्रताका साथ सुनेर पढ्ने वा सिकाउने प्रक्रिया हो । भाषिक सिपका विभिन्न माध्यमहरू हुन्छन् जसमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चारवटा सिपमध्ये सुनेर बुझेका आधारमा आफ्ना भावना अभिव्यक्त गर्ने सिपलाई श्रुतिलेखन भनिन्छ । भाषा विचार विनिमयको माध्यम भएकाले कुनै पनि कुरालाई अरूलाई सिकाउने अत्यन्त महत्त्वपूर्ण कार्यकलापका रूपमा सुनाइ शिक्षणलाई लिने गरिन्छ । भाषाका चारवटा सिपमध्येको एक महत्त्वपूर्ण र प्रथम स्थानमा रहेको सिपका रूपमा सुनाइ शिक्षणलाई लिने गरिन्छ । “श्रवण कला शिक्षणको महत्त्वपूर्ण आधार श्रुतिबोध हो । भाषाको विकास श्रुतिबाटै आरम्भ हुन्छ । त्यसैले श्रुतिबोध क्षमता विकासलाई भाषा शिक्षणको आधार बिन्दु मानिन्छ (पौडेल, २०७० : ३१) । मौखिक अभिव्यक्तिका माध्यमद्वारा मानिसले विचार अभिव्यक्त गर्ने क्रममा सुनाइ सिपसँग सम्बन्धित पक्षलाई ख्याल गरी श्रुतिलेखन क्षमताको अध्ययन गरिन्छ । प्राथमिक तहमा पढ्ने विद्यार्थीहरूमा अन्य तहमा पढ्ने विद्यार्थीको तुलनामा कम मात्रामा सुनेर बुझ्ने र लेख्ने क्षमता विकास भइसकेको हुँदैन । यस तहका विद्यार्थीहरूमा श्रुति लेखन क्षमता सामान्य प्रकारको हुने गर्दछ । “श्रुतिबोध सम्बन्धी कमजोरीका कारणले गर्दा व्यक्तिगत विषयवस्तुगत, भाषिक क्षमतागत, वातावरणगत, श्रोतागत आदि कमजोरीका कारणले गर्दा श्रुतिबोध शिक्षणमा अत्यन्त सचेतता अपनाएर शिक्षण गर्नुपर्दछ” (अधिकारी, २०६९ : ३६-३७) । खास गरी श्रुतिलेखनका कमजोरीले भाषाका अन्य सिपमा समेत कमजोरी हुने हुँदा त्यसको दुरगामी प्रभाव विद्यार्थीको वैयक्तिक जीवन र व्यक्तित्व निर्माणमा समेत नकारात्मक प्रभाव पर्न जान्छ । यस तहका बालबालिकालाई खास गरी अनुच्छेद उच्चरण गरी सुनेर लेख्ने बानीको विकास गराउनका लागि श्रुतिलेखन क्षमताको अभ्यास गराइन्छ । यस्तो प्रकारको कार्यकलाप गराउनका लागि शान्त वातावरण आवश्यक पर्दछ र सो वातावरणमा यस्तो कार्यकलाप गराउन उचित हुन्छ ।

लेखाइ सिप विकासको अभिन्न अङ्ग मानिने कार्यकलापको रूपमा श्रुतिलेखन शिक्षणलाई लिने गरिन्छ । लेखाइ सिप विकासका लागि समेत अभिन्न अङ्ग मानिने यो कार्यकलाप श्रवण कौशलको लागि अपरिहार्य मानिन्छ । भाषा शिक्षण बाहेक अन्य विषय शिक्षणको पनि अभिन्न गतिविधिका रूपमा श्रुतिलेखनको भूमिका रहने गर्दछन् । “श्रुतिलेखन समग्र विद्यालय गतिविधिको अभिन्न अङ्गका रूपमा रहने गर्दछ” (पौडेल, २०७० : ३१) ।

अतः यस तहमा विद्यार्थीहरूलाई आवाज सुन्न लगाएर सुनेको आवाज के को हो लेख्न लगाउने । उच्चारण गरेका शब्दहरू सुनेका आधारमा लेख्न लगाउने, लेख्य चिह्नहरू लेख्न सिकाउने जस्ता कार्यकलापहरू समेत गराउन सकिन्छ । प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीको यस्तो प्रकारको ग्रहण गरी अभिव्यक्त गर्ने क्षमताको विकास पूर्ण रूपले विकसित हुने भएकाले सामान्य प्रकारका जनावरहरूको आवाज सुनाएर सो आवाज के को हो लेख्न लगाउने, पाठको कुनै अनुच्छेद पढिदिने र सो अनुच्छेद उनीहरूलाई लेख्न लगाउने कार्यकलाप गर्न गराउन सकिन्छ । यस्तो प्रकारको अध्ययनले काठमाडौं जिल्लामा प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीको श्रुतिलेखन क्षमता के कस्तो छ भनी अध्ययन गर्दछ ।

## १.२ समस्याकथन

चयन गरिएको शोधशीर्षकअन्तर्गत मुख्य मुख्य समस्या वा प्रश्नहरू र तिनका सम्भावित समाधान वा उत्तरहरूलाई समस्या कथनका रूपमा लिइन्छ (शर्मा र लुइटेल, २०५५ : ५५) । खास गरी समस्याको परिचयलाई अनुसन्धानको विशिष्ट कार्यका रूपमा लिने गरिन्छ । सानो तिनो अध्ययनबाट अनुसन्धानको समस्या पहिचान गर्न नसकिने भएकाले यो आफैँमा जटिल कार्यका रूपमा रहेको हुन्छ । समस्याको पहिचान गरी उक्त समस्याको समाधानको उपायसमेत खोजी गरिसकेपछि मात्र अनुसन्धान कार्य अगाडि बढ्छ । श्रुतिलेखनलाई खासगरी सबै तहका विद्यार्थीहरूको लेखन सिपको विकास गराउने एउटा माध्यमका रूपमा लिने गरिन्छ । उच्चारण गरिएको कुरालाई सुनेर लिखित रूपमा लैजानु श्रुतिलेखन हो वा श्रवण गरिएको कुरालाई लेख्न सक्नु नै श्रुति लेखन हो । मानिस अन्य प्राणीको तुलनामा सर्वश्रेष्ठ प्राणी भएकाले भाषाका माध्यमबाट उपलब्ध संस्कृति, सभ्यता साथ साथै ज्ञानविज्ञानका विविध क्षेत्रमा सफलता प्राप्त गर्न अघि हुन्छ । भाषिक अभिव्यक्तिलाई लेखाइले सचेतता र शुद्धता परिष्कार गर्दछ । लेखन सिप विकासका विभिन्न

कार्यकलाप हुन्छ । लेखनको प्रारम्भमा हस्त लेखन, अनु लेखन, श्रुति लेखन, प्रश्नोत्तर, लेखन, निवेदन लेखन, चिठी लेखन, दैनिकी लेखन, कथा लेखन, आदि पर्दछन् भने उत्तरवर्ती कार्यकलाप अन्तर्गत बुँदा टिपोट, टिप्पणी लेखन, सिर्जनात्मक लेखन, समीक्षा लेखन, अनुच्छेद लेखन आदि रहेका हुन्छन् । श्रुतिलेखन मानवीय जीवनसँग जोडिएको एउटा विशिष्ट अङ्ग भएकाले यसलाई प्राथमिक तहमामात्र सीमित नगरी माध्यमिक तहसम्म अनिवार्य पाठ्यांशका रूपमा लगेर परीक्षणयोग्य बनाउनु पर्दछ ।

श्रुतिलेखनको कार्यकलापबाट विद्यार्थीहरूमा सुनेका आधारमा बोध प्रश्नको उत्तर दिने क्षमता विकास हुनका साथसाथै भाषिक विकासमा वृद्धि हुनका साथै शब्दभण्डार क्षमताको समेत विकास हुने गर्दछ । भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइका माध्यमबाट जानकारी प्राप्त गर्न सकिने भएकाले श्रुतिलेखनलाई एउटा महत्त्वपूर्ण लेखन कलाका रूपमा हेर्न सकिन्छ । विद्यार्थीहरूको भाषिक दक्षता, विषयवस्तुको जानकारी, वर्णविन्यासगत त्रुटिहरू पत्ता लगाई तिनको निराकरण एवम् सिर्जनात्मक र मौलिक लेखनको विकास गर्न श्रुतिलेखन कार्य महत्त्वपूर्ण मानिन्छ ।

यसभन्दा अघिका शोधपत्रमा श्रुतिलेखन सम्बन्धी अध्ययन नभएकाले यसलाई नयाँ विषयका रूपमा लिइ अध्ययन गरिएको हो । कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको खास सुनेर लेख्ने क्षमताको विकास पूर्ण रूपमा विकास नभए तापनि उनीहरूको क्षमता पहिचान गर्नका लागि यस कार्यलाई समस्याका रूपमा अघि बढाइएको छ । जसका आधारमध्ये लैङ्गिकताका आरधामा, विद्यालयको प्रकृतिका आधारमा र कक्षा वि

तिनमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई हेरिएको छ ।

शिक्षणका सन्दर्भमा शैक्षणिक पाठ्यक्रमले श्रुतिलेखनलाई समेत महत्त्व दिइरहेको परिप्रेक्ष्यमा यस विषयलाई प्राथमिक तह अर्थात् कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूमा केन्द्रित भएर गरिएकाले यस अनुसन्धानका समस्याहरू यसप्रकार छन् :

(१) कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको श्रुति लेखन क्षमता कस्तो छ ?

(२) विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति कस्तो छ ?

(३) श्रुतिलेखनसम्बन्धी के कस्ता समस्या देखिएका छन् र तिनको निराकरणका उपायहरू के के हुन् ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि विषयको अध्ययन गर्नुपूर्व उद्देश्यको निर्धारण गरिन्छ । विना उद्देश्य कुनै पनि विषयको अध्ययन गर्न सकिँदैन । खास गरी अनुसन्धानको समस्यामा केन्द्रित भएर उद्देश्यको निर्धारण गरिन्छ । यस अनुसन्धानका क्रममा श्रुतिलेखन क्षमतासँग सम्बन्धित उद्देश्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(१) कक्षा तिनमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमता पत्ता लगाउनु,

(२) विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु,

(३) श्रुतिलेखन सम्बन्धी समस्याहरू र निराकरणका उपायहरू सुल्झाउनु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

भाषा विचार विनिमयको प्रभावकारी माध्यम हो । भाषालाई मानवीय र सामाजिक वस्तुका रूपमा समेत हेर्ने गरिन्छ । भाषालाई मानवीय प्राणीकै सम्पत्तिका रूपमा लिई समाजद्वारा पिँढी पिँढीमा फैलिँदै प्राप्त गर्ने वस्तुका रूपमा लिने गरिन्छ । भाषाको सर्वोकृष्ट वा महत्त्वपूर्ण कार्य भनेको विचार आदानप्रदान गर्नु हो । भाषाका माध्यमहरूमध्ये लिखित र मौखिक माध्यम गरी दुईवटा माधयम हुने गर्दछन् । मौखिक भाषालाई भाषाको कथ्य रूप माने तापनि शैक्षणिक गतिविधि र प्रशासनिक कामका सिलसिलामा भने लिखित रूपमा प्रयोग गर्ने गरिन्छ । लेखन सिप विकासको प्रमुख प्रक्रियाका रूपमा श्रुतिलेखनलाई लिइन्छ । विद्यार्थीको अभिव्यक्ति क्षमताको विकास गर्नका लागि श्रुतिलेखनले मद्दत गर्दछ । भाषाका चारवटा सिपमध्ये लेखाइ सिपले लिखित पक्षलाई अँगाल्दछ । कुनै पनि व्यक्तिले आफूले व्यक्त गर्न खोजेका कुराहरू कसरी प्रस्तुतीकरण गर्दछ भन्ने कुरा बुझ्न लेखाइ पक्षको भाषिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका रहन्छ । शुद्ध, प्रासाङ्गिक साथसाथै श्रवण कला विकासको प्रभावकारी माध्यमका रूपमा श्रुतिलेखनलाई लिने गरिन्छ । माथिल्लो कक्षाको तुलनामा

तल्लो कक्षामा श्रुतिलेखनलाई सङ्गठित र प्रभावकारी ढङ्गले व्यक्त गर्न नसकिने भए तापनि यस्तो कार्यलाई व्यवस्थित बनाउने प्रयत्न गरिन्छ ।

लेखाइ सम्बन्धी ढङ्ग ढाँचाको पहिचान गर्न निश्चित समय सीमाभित्र, निर्धारित शीर्षकमा लेखिएको अनुच्छेदित रचनालाई साङ्ख्यिकीय तथ्याङ्कका आधारमा अध्ययन विश्लेषण गर्दा विभिन्न समूहका विद्यार्थीहरूको लेखाइ क्षमता पहिचान गरी सोही आधारमा भाषिक सिप सम्बद्ध पाठ्यांशहरूलाई पाठ्यपुस्तक निर्माणका क्रममा छनोट र स्तरण गर्न थप पृष्ठपोषण प्रदान गर्दछ । खासगरी सुनेर बोध गरी सोही कुरालाई लिखित रूपमा लैजानका लागि श्रुतिलेखनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । श्रुतिलेखन सम्बनधी मूलभूत कुराहरूका बारेमा समेत ज्ञान हुने र त्यस लेखनका क्रममा देखिएका कमजोरीहरूलाई औंल्याइ सुझाव प्रस्तुत गरिने भएकाले श्रुतिलेखनको महत्त्व अझै बढी देखिन्छ ।

यस आधारमा अध्ययन गर्दा विद्यार्थीहरूलाई श्रुतिलेखन क्षमताको विकास गराउनाले विद्यार्थीहरू बढी लाभान्वित हुन्छन् । त्यसैले यस अध्ययनबाट शोधपत्र लेखनको कार्यलाई अगाडि बढाउनाले विद्यार्थीमा थप लेखन शैलीको विकास गर्न सकिन्छ । जसले गदार्भ यस शोधपत्र लेखनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विद्यार्थीहरूलाई श्रुतिलेखन सम्बन्धी मूलभूत कुराहरूका बारेमा ज्ञान हुने र कमी कमजोरीहरूलाई पत्ता लगाई सुझाब प्रस्तुत गर्न सजिलो हुने भएकाले यस अध्ययनलाई महत्त्वपूर्ण मानिएको छ ।

## १.५ परिकल्पना

प्रस्तुत अध्ययनका लागि अध्ययनका क्रममा कुनै पनि अनुसन्धान कार्य गर्नुपूर्व अनुसन्धानकर्ताले उक्त अनुसन्धान प्रक्रियाबाट निस्कने नतिजाको बारेमा पूर्वअनुमान गर्नुलाई प्राक्कल्पना वा अनुसन्धान प्रश्नका रूपमा पनि लिने गरिन्छ । सबै अनुसन्धानमा प्राक्कल्पनाको आवश्यकता पर्दैन तर प्रयोगात्मक अनुसन्धानका क्रममा प्राक्कल्पनाको आवश्यकता पर्ने भएकाले प्रस्तुत अध्ययनका निम्नलिखित प्राक्कल्पना रहेका छन् :

(क) कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता सन्तोषजनक छ ।

(ख) विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमतामा सार्थक भिन्नता छैन ।

ग) श्रुतिलेखनसम्बन्धी समस्या र तिनको निराकरणका उपायहरू सहजै समाधान गर्न सक्नेछन् ।

## १.६ अध्ययनको सीमा

शोध प्रस्ताव लेखनको पनि व्यापक क्षेत्र हुने र ती सम्पूर्ण विषयको अध्ययन अनुसन्धन गर्दा सीमाङ्कन गर्नु जरुरी हुन्छ । प्रस्तुत शोधप्रस्ताव लेखन श्रुतिलेखनसँग सम्बन्धित भएकाले यस शीर्षकमा पहिले अनुसन्धान नभएकाले सीमाङ्कन गर्ने क्रममा परिसीमाका आधारमा सीमा निर्धारण गरिएको छ । यस शीर्षकमा कुनै अनुसन्धानात्मक शोधपत्र तयार नभएकाले अन्य विषयलाई मात्र समावेश गरिएको छ। यस आधारमा सम्पूर्ण जनसङ्ख्या समेट्न समेत कठिनाई हुने गरेको हुँदा अध्ययनको व्यापकता र गहिराइलाई निश्चित घेरामा समेटी मार्गमा पुग्न र उपर्युक्त तथ्य कुरा पत्ता लगाउन अध्ययनलाई सीमाङ्कन गरिएको छ।

(१) काठमाडौँ जिल्लाको कक्षा तिनमा पढ्ने विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययनमा मात्र सीमित गरिएको छ ।

(२) अध्ययनका क्रममा पाँचओटा सामुदायिक र पाँचओटा संस्थागत विद्यालयलाई मात्र छनोट गरिएको छ ।

(३) अध्ययनका क्रममा सामुदायिकबाट ५० र संस्थागतबाट ५० जना गरी १०० जना विद्यार्थीलाई नमुनाका रूपमा लिइएको छ ।

(४) सामुदायिक र संस्थागत विद्यालयका विद्यालयका छात्रा र छात्र विद्यार्थीको तुलनात्मक स्थितिको अध्ययन गरिएको छ ।

(५) प्रस्तावित अध्ययन विद्यार्थीहरूमा गरिएको परीक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा गरिने व्याख्या विश्लेषणमा सीमित गरिएको छ ।

## १.७ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

अध्याय तिन : शोधविधि र प्रक्रिया

अध्याय चारः समग्र विद्यार्थीको श्रुतिलेखन क्षमता

अध्याय पाँच : विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति

अध्याय छ : श्रुतिलेखन क्षमताको समस्या र निराकरणका उपायहरू

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भ सूची

परिशिष्ट

व्यक्तिगत विवरण

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धानात्मक कार्य गर्नुभन्दा पहिले त्यस विषयसँग सम्बन्धित पूर्वकार्य सिंहावलोकन गर्नु आवश्यक छ । वर्तमानमा भएका घटना वा अनुसन्धानलाई विगतमा घटेका वा गरिएका अनुसन्धानले गतिशील एवम् तथ्यपरक बनाउने हुँदा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित क्षेत्रमा गई त्यस विषयसँग सम्बन्धित पूर्व अध्ययन गर्नुको विशेष महत्त्व रहन्छ ।

वास्तवमा श्रुतिलेखन बिना शिक्षण सिकाइ सफल प्रभावकारी एवम् उपलब्धि र उद्देश्यमूलक हुन नसक्ने भएकाले भाषाका चारवटा सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मध्ये लेखाइलाई प्रारम्भिक तथा आधारभूत सिपका रूपमा लिइन्छ । भाषिक विषयमा भएका पूर्व अनुसन्धानलाई हेर्दा सुनाइ र बोलाइ सिपभन्दा पढाइ र लेखाइ सिपमा अनुसन्धान बढी भएको पाइन्छ । श्रुतिलेखन सिप लेखाइ सिप एक किसिमको विविधतापूर्ण सिप भएकाले अन्य सिपजतिको कक्षाकोठाको साधारण वातावरणमा सञ्चालन गर्न सम्भव हुँदैन । यसका लागि विशेष प्रकारको शान्त र सुव्यवस्थित वातावरणमा श्रुतिलेखन गर्नु आवश्यक हुन्छ । श्रुतिलेखनका लागि मूल सामग्रीका रूपमा पाठ्यपुस्तकलाई नै मुख्य आधारका रूपमा लिनुपर्ने हुन्छ । श्रुतिलेखनका लागि आवश्यक पर्ने शान्त वातावरणको निर्माण र अभ्यास गराउन विद्यालयका प्रधानाध्यापक प्रशिक्षक र विषय विशेषज्ञ नै अनविज्ञ भएको पाइन्छ जसले गर्न श्रुतिलेखनको अध्ययनमा कमी आएको देखिन्छ ।

यसर्थ श्रुतिलेखनको अध्ययन गर्नुपूर्व भाषाको आधारभूत सिपमा गरिएका केही अध्ययनहरूको चर्चा गर्नु आवश्यक देखिन्छ । यहाँ तिनै शीर्षक सम्बन्धी भएका अध्ययन गर्नलाई नै पूर्वकार्यका रूपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

### २.१.१ पुस्तक समीक्षा

अधिकारी (२०५०) द्वारा लिखित **नेपाली भाषा शिक्षण** नामक पुस्तकमा भाषाशिक्षणको अध्ययनको क्रममा विविध पक्षहरूको चर्चा गर्ने क्रममा लेखाइ शिक्षण पनि

समावेश गरिएको छ । यसमा लेखाइ शिक्षण सम्बन्धी क्रियाकलापहरू के कस्ता छन्, लेखाइको शुद्धीकरण कसरी गर्ने, आभ्यासिक तथा निर्देशित लेखन र सिर्जनात्मक लेखनमा जोड दिइएको पाइन्छ । उक्त लेखनअनुसार निष्कर्षका रूपमा लेखन कला सिपको विकासलाई नै जोड दिने गरेको पाइन्छ । श्रुतिलेखन पनि लेखन सिपसँग सम्बन्धित भएकाले यस पुस्तकसँग अन्तरसम्बन्धित छ । निष्कर्षका रूपमा के प्रस्ट पार्न सकिन्छ भने लेखन सिपसँग सम्बन्धित सम्पूर्ण कार्यकलापले लेखन कलाको सिर्जनशीलताको विकास गर्नका साथै लेखाइको शुद्धिकरण गरी वाक्यगठन सम्बन्धी कार्यकलापको समेत विकास गराउनका लागि श्रुतिलेखनलाई जोड दिने गरिन्छ ।

अधिकारी (२०६५) द्वारा **नेपाली भाषा शिक्षण** नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूको चर्चा गरिएको छ । उक्त पुस्तकको लेखन तथा लिखित अभिव्यक्ति शिक्षणअन्तर्गत लेखाइ शिक्षणको महत्त्व र आवश्यकता, लिखित र मौखिक अभिव्यक्ति लेखन र पठन लेखनका प्रयोजनजस्ता उपशीर्षकहरू समावेश गरिएको छ । लेखाइ शिक्षणका कार्यकलापहरूमा वस्तु र चित्र वर्णन, अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर लेखन, दैनिकी लेखन, निबन्ध लेखन आदिको चर्चा पाइन्छ । जोसँग बोलेर विचार विनिमय गर्न कठिन हुन्छ त्यससँग लेखेर विचार विनिमय गर्न सक्ने क्षमता हुन्छ । लेखाइ वैयक्तिक साथै सामाजिक आवश्यकता पनि हो । लेखिएका कुराहरूमा समाजलाई प्रशस्त लाभान्वित गराउन सक्ने गुणहरू हुन्छन् । पत्राचारको माध्यमबाट हामी विभिन्न व्यक्तिहरूसँग सम्पर्क राख्छौं अथवा आपसमा विचारको आदानप्रदान गर्छौं । कतिपयसँग त पत्रमित्रता पनि कायम गर्छौं भन्ने जस्ता कुराहरू उल्लेख गरी लेखन कलाको प्रयोजन र आवश्यकतालाई पुष्टि गरिएको यस पुस्तकमा उल्लेख गरिएको छ ।

पौडेल (२०६७) द्वारा लिखित **दोस्रो भाषाको रूपमा नेपाली शिक्षण** नामक पुस्तकमा श्रुतिलेखनका लागि सुनेर बुझेका आधारमा लेख्ने कार्यकलापहरू श्रुतिलेखन हुन् । यो लेखाइ सिप विकासको पनि अभिन्न अङ्ग मानिने कार्यकलापका साथै श्रवण कौशलका लागि पनि अपरिहार्य मानिन्छ । यस लेखन सिपमा सुनेका भरमा विद्यार्थीले लेखेका कुराहरूलाई हेरेर अथवा जाँचेर उनीहरूको श्रवण दक्षता वा कमजोरीहरू पत्ता लगाउन सकिन्छ र रचनात्मक सुधार र हौसला प्रदान गर्न सकिन्छ । यस्तो कार्यकलाप सञ्चालन गर्न शान्त वातावरण

कायम गर्नु जरुरी हुन्छ । जसका लागि दिमाग, कान र हातको उचित संयोजन हुनुपर्दछ (पौडेल, २०६७ : १२०) ।

ढकाल (२०६९) द्वारा **नेपाली भाषा र साहित्य शिक्षण** नामक पुस्तकमा श्रुतिबोध शिक्षणसम्बन्धी चर्चा गरिएको छ । जसमा सुनेर लेख्ने सिपको विकास गराउने प्रयोजनार्थ श्रुतिलेखन कार्यकलाप गराउने गरिन्छ । श्रुतिबोध भाषाको आधारभूत सिप भएकाले मानिसले आफ्नो परिवार समाज र समग्र वातावरणबाट जस्तो भाषा सुन्छ त्यस्तै भाषाको लिखित रूप प्रयोग गर्दछ । श्रवण कला विकासको महत्त्वपूर्ण माध्यमका रूपमा श्रुतिबोधलाई लिने गरिन्छ । सुनेर बुझ्ने क्षमताको विकास गराउने सिप नै श्रुतिबोध शिक्षण हो । मौखिक अभिव्यक्तिलाई एकाग्रतापूर्वक सुनेर भन्न खोजिएका कुराहरू बुझ्न र धारण गर्न सक्ने बनाउन सार बोध गर्न सक्षम बनाउने प्रयोजनका लागि श्रुतिलेखनका कार्यकलापहरू गराइन्छ । जसमा शिक्षकले कुनै पनि विषयवस्तुमा आधारित घटना वा प्रसङ्ग वर्णन गरेर सुनाइ सकेपछि उनीहरूले सुनेका आधारमा सिलसिला मिलाएर अनुच्छेदको श्रुतिलेखन जस्ता कार्यकलाप गर्ने प्रयोजनार्थ श्रुतिलेखनको अभ्यास गराइन्छ (ढकाल र खतिवडा, २०६९ : ११३) । पौडेल (२०७०) द्वारा तयार पारिएको **नेपाली भाषा शिक्षण** नामक पुस्तकले श्रुतिबोध सम्बन्धी चर्चा गरिएको छ । श्रुतिबोध र श्रुतिलेखन क्षमताको विकासका लागि विद्यार्थीलाई शान्त वातावरणमा पहिले पढिदिएर सुनेका आधारमा बुझी लेख्न लगाउने कार्यका लागि श्रुतिलेखनको अभ्यास गराइने कुराको चर्चा गरिएको छ । जसले गर्दा विद्यार्थीमा सुनेर लेख्ने, साथसाथै बोध गर्न सक्ने प्रयोजनका लागि यस्तो अभ्यासलाई राखिएको छ ।

अधिकारी (२०७३) द्वारा **माध्यमिक शिक्षक स्रोत सामग्री** नामक पुस्तकमा सुनाइ शिक्षण सम्बन्धी सिपको चर्चा गरिएको छ । जसमा अरूले भनेका कुरा स्पष्टसँग सुनेर बुझ्न, ग्रहण गर्न, एकाग्रतापूर्वक सुनेर बोध क्षमताको विकास गर्न सुनेका आधारमा आफ्ना भाव व्यक्त गर्न क्षमताको विकास गराउने पयोजनका लागि सुनाइ शिक्षण गर्ने गरिन्छ । यसका लागि श्रुतिलेखन अति महत्त्वपूर्ण कार्यकलाप भएकाले मौखिक रूपमा भन्ने र विद्यार्थीहरूलाई सुने अनुसार लेख्न लगाएर यो कार्यक्रम गराउन सकिन्छ । यो पनि लिखित प्रयोजनका लागि उत्कृष्ट कार्यकलाप हो (अधिकारी, २०७३ : २०९) ।

भट्टराई र सापकोटा (२०७३) द्वारा लिखित **माध्यमिक स्रोत सामग्री** नामक पुस्तकमा भाषाशिक्षणको अध्ययनका क्रममा विविध पक्षहरूको चर्चा गर्ने क्रममा श्रुतिभाषिक पद्धतिलाई उच्चार्य भाषामा जोड दिई भाषा शिक्षण गर्ने विषयका रूपमा दिइने गरेको छ । यसलाई सर्वप्रथम अनुकरण र अभ्यासमा जोड दिई विस्तारै वाक्य ढाँचाको रूपमा गराउने कार्य गरिन्छ । प्रतिस्थापन र पुनरावृत्तिले लेखन सिपमा मद्दत पुऱ्याउने भएकाले यो श्रुतिलेखनसँग अन्तरसम्बन्धित छ । यस पुस्तकमा चर्चा गर्ने क्रममा निगमन विधिलाई जोड दिनुपर्ने प्रावधान राखिएको छ । समग्रमा यसले पनि लेखन सिपमा जोड दिने भएकाले यो पनि श्रुतिलेखन सँग अन्तरसम्बन्धित छ ।

### २.१.२ शोधपत्रको समीक्षा

पोखरेल (२०६४) द्वारा **कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य पुरा गरिएको पाइन्छ । उक्त शोधपत्रको उद्देश्य भाषिक पृष्ठभूमि पत्ता लगाउनु, लैङ्गिकताका आधारमा विद्यार्थीको श्रुतिबोध क्षमता पहिचान गर्नु, विद्यालय प्रकृति र जातियताका आधारमा श्रुतिबोध क्षमताको तुलनात्मक विश्लेषण गर्नु रहेको छ । समग्रमा यस अध्ययनमा क्षेत्रीय विधिको प्रयोग गरिएको छ । निष्कर्षका रूपमा समग्र विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक नै निकालिएको छ । उक्त अनुसन्धान श्रुतिबोधसँग सम्बन्धित भएकाले श्रुतिलेखन र श्रुतिबोध एक आपसमा सुनेर बुझ्ने क्षमताको विकास गराई लिखित अभिव्यक्तिमा व्यक्त गर्ने भएकाले तुलनात्मक रूपमा एक आपसमा अन्तरसम्बन्धित छ ।

अधिकारी (२०६८) द्वारा **कक्षा आठमा अध्ययनरत दृष्टिविहिन र दृष्टियुक्त विद्यार्थीहरूको श्रुतिबोध क्षमताको तुलनात्मक अध्ययन**मा शोधपत्र तयार पारिएको छ । जसमा कक्षा आठमा अध्ययनरत दृष्टियुक्त र दृष्टिविहिन विद्यार्थीको श्रुतिबोध क्षमता पहिल्याउनु, सार्वजनिक र निजी विद्यालयमा अध्ययनरत दृष्टियुक्त र दृष्टिविहिन विद्यार्थीहरूको श्रुतिबोध क्षमता पत्ता लगाउनु, दृष्टियुक्त र दृष्टिविहिन विद्यार्थीहरूको पठित तथा अपठित पाठ्य उद्धरणका आधारमा बिचको श्रुतिबोध क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु जस्ता उद्देश्य राखिएको छ । यस शोधपत्रमा नमुना सर्वेक्षण विधिको प्रयोग गरिएको छ । निष्कर्षका रूपमा श्रुतिबोध क्षमतालाई हेर्दा विद्यार्थीको श्रुतिबोध क्षमता

सन्तोषजनक नै पाइएको देखिन्छ । श्रुतिबोध श्रुतिलेखनका क्रममा आउने महत्वपूर्ण पक्ष भएकाले श्रुतिलेखन र श्रुतिबोध बोध र लेखन क्षमतासँग सम्बन्धित पक्ष हुन् ।

अधिकारी (२०७२) द्वारा **अछाम जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन** नामक शीर्षकमा शोधपत्र तयार भएको छ । उक्त शोधपत्रमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिचान गर्नु, कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको स्थानीयता, लैङ्गिकता, भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिका आधारमापठनबोध क्षमताको स्थिति पहिल्याउनु, दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरू राखिएको छ । प्रस्तुत शोधपत्रमा सर्वेक्षण विधिको प्रयोग गरिएको छ । यस शोधपत्रमा निष्कर्षमा विद्यार्थीमा पढेर बुझ्ने क्षमताको विकास गराउने भएकाले यो श्रुति लेखनसँग तुलनात्मक रूपमा अन्तरसम्बन्धित छ किनभने पढेर बोध गरेका आधारमा वा सुनेर बोध गर्ने र लेख्न सक्ने कलाको विकास हुने भएकाले यो अन्तरसबन्धित छ ।

निरौला (२०७२) द्वारा **कक्षा आठमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमता** शीर्षकमा शोधपत्र तयार भएको छ । उक्त शोधपत्रमा विद्यार्थीको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृति लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याई निराकरणका उपाय पत्ता लगाउनु आदि उद्देश्य रहेको छ । यस अध्ययनका क्रममा क्षेत्रीय विधिलाई आधार मानी अध्ययन गरिएको छ । यस शोधपत्रको विषयमा विद्यार्थीलाई लेखन सिपको विकास गराउने एक महत्त्वपूर्ण माध्यमका रूपमा अनुच्छेद लेखनलाई लिइएको छ । अनुच्छेद लेखन र श्रुति लेखन एक आपसमा अन्तर सम्बन्धित लेखन सिप विकास गराउने प्रभावकारी माध्यमका रूपमा रहेको छ ।

भण्डारी (२०७२) द्वारा **बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमता** शीर्षकमा शोधपत्र तयार भएको छ (उक्त शोधपत्रमा अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, छात्रा र छात्र विद्यार्थीको अनुच्छेद लेखन क्षमता पहिल्याउनु जस्ता उद्देश्य राखिएको छ । यसरी हेर्दा अनुच्छेद लेखन क्षमताले विद्यार्थीमा लेखन सिपप्रति अभिप्रेरणा लगाउने भएकाले यसलाई महत्त्वपूर्ण अभिव्यक्ति क्षमता प्रकट गर्ने माध्यमका रूपमा

लिइएको छ । अनुच्छेद लेखन र श्रुतिलेखन एक आपसमा लेखन सिपको विकास गराउने विधाका रूपमा लिने गरिन्छ ।

शर्मा (२०७२), द्वारा **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको लेखन** शीर्षकमा शोधपत्र तयार भएको छ । उक्त शोधपत्रमा विद्यार्थीको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पहिचान गर्नु, पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अनुसन्धानमा क्षेत्रीय विधिको प्रयोग गरिएको छ । यस अनुसन्धानमा निष्कर्षमा अनुच्छेद लेखनमा पूर्ण दक्षता हासिल गराउने निष्कर्ष राखिएको छ । प्रस्तुत अनुसन्धान लेखन सिपसँग सम्बन्धित भएकाले तुलनात्मक रूपमा श्रुतिलेखनसँग अन्तरसम्बन्धित छ ।

निष्कर्षका रूपमा के भन्न सकिन्छ भने श्रुतिलेखनमा सिप विकासको भूमिका र भाषाशिक्षणका क्षेत्रमा पनि आफ्नो छुट्टै पहिचान रहेको छ । विद्यार्थीको विभिन्न घटनालाई मध्यनजर गर्दै लिखित अभिव्यक्ति दिन र सम्प्रेषण गर्न समर्थन छन् कि छैनन् भनेर पूर्वअध्ययन गरिएको छ । नेपाली भाषा शिक्षण गर्ने अध्येता तथा नेपाली भाषा लेखन सिपप्रति अभिरुचि राख्ने, भविष्यमा लेखन सिप विकासको लागि आवश्यक रणनीति तयार गरी आफ्नो शिक्षण कौशलतामा निखारता ल्याउन यस शीर्षकका सम्बन्धमा अध्ययन गर्ने जो कोहीलाई उपयोगी हुनेछ ।

### २.१.३ पूर्वअध्ययनको महत्त्व

भाषा विचार विनिमयको प्रभावकारी माध्यम भएकाले यसको सम्बन्ध अभिव्यक्ति र बोध दुबै सिपसँग जोडिन पुग्छ । अनुसन्धानका क्रममा निश्चित तथ्याङ्कको खोज तथा शीर्षकको व्याख्या तथा विश्लेषण गर्ने क्रममा पूर्व अध्ययन भएका दस्तावेज वा सामग्रीहरूलाई आधार बनाउनुपर्ने हुन्छ । जसका लागि पूर्व अध्ययन गरिएका सामग्रीहरूलाई आधार बनाउनुपर्ने हुन्छ । अनुसन्धानका क्रममा भएका जे जति सामग्रीहरूको महत्त्व छ त्यसलाई पूर्व अध्ययनको महत्त्वका रूपमा लिने गरिन्छ । अनुसन्धानका क्रममा भएका लिखित दस्तावेजहरू जुन पछिल्लो पुस्ताको लागि पनि उपयोगी हुन्छ त्यस्ता अध्ययनरत सामग्रीहरूलाई महत्त्व र मूल्य दिनुपर्ने हुन्छ । यस्ता

सामग्रीहरू थोरै मात्रामा मात्र भेटाउन सकिन्छ जसले गर्दा पूर्व अध्ययन गर्दा भेटिएका महत्त्वपूर्ण सामग्रीहरूको महत्त्व रहेको छ । अनुसन्धानका क्रममा अनुसन्धानकर्ताले भेटाएका जे जति उपयोगी सामग्रीहरू छन् ती सामग्रीहरूको महत्त्व पुस्तौं पुस्तासम्म रही रहन्छ । अनुसन्धानका क्रममा गरिएका पूर्व अध्ययनहरूले अध्ययनका क्रममा अनुसन्धानकर्तालाई थप सहयोग पुऱ्याउने भएकाले पूर्व अध्ययनको महत्त्व रहेको हुन्छ । पूर्व अध्ययन भएका शोधपत्रहरू, पाठ्यपुस्तकहरू, पत्रपत्रिका लगायत सञ्चार माध्यमले समेत अध्ययनका क्रममा सहयोग पुऱ्याउने भएकाले यसको महत्त्व रहेको छ ।

## २.२ सैद्धान्तिक परिचय

भाषा विचार विनिमयको प्रभावकारी माध्यम भएकाले यो मानवीय र सामाजिक वस्तु पनि हो । जब मानवको उत्पत्ति भयो तब मात्र भाषाको विकास हुँदै गयो । समाजको विकास सँगसँगै भाषाको पनि विकास हुँदै गएको पाइन्छ । अरूले भाषाको माध्यमद्वारा व्यक्त गरिएका विचार एवम् भावनालाई बुझेर सोही बमोजिम ग्रहण गर्नु आदान हो भने सोही बमोजिम आफ्ना विचार वा भावनालाई अरू समक्ष प्रस्तुत गर्नु प्रदान हो (शर्मा र पौडेल, २०६० : १) । कतिपय भाषाहरू बोलेर व्यक्त गर्न नसकेको अवस्थामा लेखेर वा सङ्केतको माध्यमबाट पनि व्यक्त गर्नुपर्ने हुन्छ । भाषाको वास्तविक अर्थात् खास रूप मौखिक भए तापनि समाजमा लिखित भाषालाई नै प्रयोग गर्ने गरेको पाइन्छ । भाषाको लिखित रूप मौखिक भाषाकै प्रतिरूप हो भन्ने गरिन्छ र कलमको सहायता लिइँदै लेख्य चिह्नको उपयोगद्वारा प्रस्तुतिकरण गर्ने गरिन्छ (शर्मा र पौडेल, २०६० : १) । सुनाइ र बोलाइ आफ्नो अनुभव एवम् विचारलाई अरू सामु प्रस्तुत गर्ने क्रममा सुनेर बुझेर व्यक्त गर्ने भाषाको प्रतिष्ठित रूप हो भने लेखाइ व्यक्तिमा भएका अन्तर्निहित भावना प्रस्फुटन गर्ने, अनुभव एवम् ज्ञान आर्जनका कुराहरू सम्झिराख्नका लागि सञ्चित र सङ्गठित गरेर राख्ने र भविष्यमा आउँदा पिँढीहरूले उपयोगमा ल्याउन वा प्रयोग गर्न सकुन् भन्ने हैसियतले प्रयोग गरिने प्रभावकारी माध्यम हो ।

कुनै पनि विषयवस्तुलाई सुनेर सोही सुनाइका आधारमा बोध गरी लिखित रूपमा व्यक्त गर्नु श्रुतिलेखन हो । श्रुतिलेखन जुनसुकै विषयवस्तुलाई आधारित बनाए पनि एउटा शीर्षकलाई सुनाइ सोही आधारमा लेख्ने गरिन्छ । यो कुनै विषयवस्तुलाई आधार बनाइ सोही

विषयलाई सुन्न लगाई लिखित रूपमा गर्न लगाइने भएकाले बृहत् अनुभव र बोधसँग सम्बन्धित छ ।

### २.२.१ श्रुतिलेखनको परिचय

श्रुतिलेखनको अर्थ सुनेर लेख्ने अभ्यास हो । शिक्षकले विद्यार्थीहरूको स्तर र आवश्यकताअनुसार विभिन्न स्तरमा यस्तो अभ्यास गराउन सक्छन् । यसबाट सुनेर त्यसका आधारमा अभिव्यक्ति क्षमताको पनि विकास गर्न सकिन्छ । यस्तो अभ्यास माथिल्लो कक्षामा कहिलेकाहीँ अदृष्टांश अनुच्छेदहरूको पनि उपयोग गर्न सकिन्छ । तर प्रारम्भिक कक्षाहरूमा भने विद्यार्थीहरूले पढिसकेका दृष्टांश अनुच्छेदहरूको उपयोग प्रभावकारी हुन जान्छ । अभिव्यक्ति भाषिक सिपअन्तर्गत आदानात्मक सिपमा पर्दछ । यसले भाषिक क्षमताको अभिवृद्धिका लागि गरिने अभ्यासमा जोड दिन्छ । खास गरी श्रुतिलेखनको कार्यकलाप गराउँदा विद्यार्थीहरूमा सतर्कतापूर्वक सुन्ने र सोहीअनुसार लिपिबद्ध गर्दै लेखाइको गति बढाउने क्षमता विकास हुन्छ । शब्द तहमा भिन्न मात्रायुक्त, श्रुतिसमभिन्नार्थक, वर्णगत कठिनाइयुक्त र उच्चारण वा लिपि विन्यासमा कठिन शब्दहरूलाई अभ्यासका लागि उपयोग गर्न सकिन्छ ।

श्रुतिलेखन कार्यकलाप सञ्चालन गर्दा शान्त वातावरण कायम गर्नु जरुरी हुन्छ, जसमा दिमाग, कान, आँखा र हातको कुशल संयोजन हुनु आवश्यक हुन्छ (पौडेल, २०७० : ४१) । तल्ला कक्षामा श्रवण, उच्चारण र वर्णविन्यास शुद्धिका लागि यो कार्यकलाप अपरिहार्य हुन्छ भने कक्षा चढ्दै जाँदा प्रश्नोत्तर विवेचना व्याख्या, समीक्षा विश्लेषण, शैली सौन्दर्य तथा विविध व्यावसायिक, प्राविधिक र सिर्जनात्मक कलाका नमुना बोध गराउनका लागि श्रुतिलेखन अभिन्न शैक्षणिक गतिविधि बनेको छ । एकाग्रताका साथ वा एकाग्र वातावरणमा आधारित भएर सुन्ने र बोध गरी अभिव्यक्ति क्षमतामा व्यक्त गर्ने महत्त्वपूर्ण शिक्षणका रूपमा श्रवण कला शिक्षणलाई लिइने गरिन्छ । "श्रवण कला शिक्षणको महत्त्वपूर्ण आधार श्रुतिबोध हो । भाषाको विकास श्रुतिबाटै आरम्भ हुन्छ । त्यसैले श्रुतिलेखन क्षमता विकासलाई भाषा शिक्षणको आधारविन्दु मानिन्छ । श्रुति लेखनसम्बन्धी कमजोरीका कारणले गर्दा वाक्यगत, विषयवस्तुगत, भाषिक क्षमतागत, वातावरणगत, श्रोतागत आदि कमजोरीका कारणले गर्दा श्रुतिबोध शिक्षणमा अत्यन्त सचेतता अपनाएर शिक्षण गर्नुपर्दछ" (अधिकारी, २०६९ : ३६) ।

अतः अपेक्षित र विशिष्टतर लेखन कलाका लागि प्रमुख आधार मानिने श्रुतिलेखन श्रुतिबोधका लागि पनि एक अपरिहार्य कार्य भएको कुरा स्पष्ट पार्न सकिन्छ । तसर्थ श्रुतिलेखन कला विकासको अत्यन्त महत्त्वपूर्ण कार्यकलाप हो ।

### २.२.२ श्रुति लेखनको परिभाषा

सामान्य अर्थमा श्रवण कला शिक्षणको महत्त्वपूर्ण आधार श्रुतिलेखन हो । श्रवणकलाको विकास भएपछि मात्र श्रुति लेखन गराउन सकिने भएकाले यस कार्यकलापलाई अपरिहार्य कार्यकलापका रूपमा लिइन्छ ।

१. सुनाइ मानसिक प्रक्रिया भएकाले यसमा वैचारिक एकागता हुने गर्दछ । - हेमाङ्गराज अधिकारी

२. सुनेर बुझेका आधारमा लेख्नु नै श्रुति लेखन हो । - माधवप्रसाद पौडेल

३. सामान्यतः विद्यार्थीहरूले पहिले नै पढेका पाठबाट कुनै वर्ण शब्द, वाक्य, अनुच्छेद शुद्ध रूपमा सस्वर सुनाएर सोहीअनुसार विद्यार्थीहरूलाई लेख्न लगाउनु श्रुतिलेखन हो । - केदारप्रसाद शर्मा

४. सुनेर बुझेका आधारमा लेख्ने कार्यकलापहरू श्रुतिलेखन हो । - माधवप्रसाद पौडेल ।

५. अरूले भनेको कुरा सुन्दै लेख्ने कार्यलाई श्रुतिलेखन भनिन्छ । - प्रयोगात्मक नेपाली शब्दकोश ।

### २.२.३ श्रुतिलेखनको प्रकार

श्रुतिलेखन मौखिक अभिव्यक्तिसँग सम्बन्धित हुने हुनाले सुनाइ र लेखाइलाई अलग, अलग लेख्न असम्भव हुने गर्दछ । मानवीय व्यवहार सञ्चालनका क्रममा मानिसले गर्ने विभिन्न कार्यहरू सुनाइको माध्यमबाट मात्र सञ्चालन गर्न सक्ने र सोही सुनेका कुरालाई मानवीय व्यवहारमा प्रयोग गर्ने भएकाले श्रुतिलेखन अपरिहार्य विषयका रूपमा रहेको छ । यसरी हेर्दा श्रुतिबोधका प्रकारहरू यसप्रकार छन् :

## १. आंशिक सुनाइ

हरेक मानिसका कानमा एकभन्दा बढी भाषिक र अभाषिक आवाजहरू ठोकिरहेका हुन्छन् । मानिसले आफूलाई चाहिएका कुरा सुनेर अन्य कुरालाई भने वास्ता गर्दैन । मानिसले कुन कुरा आवश्यक छ त्यस्ता कुरालाई आफैले छुट्याएर सुन्नु आवश्यक छ । कहिलेकाहीँ मानिसले रेडियो सुन्दै टेलिभिजन हेर्दै पनि पढिरहेको हुन्छन् । त्यस अवस्थामा रेडियो वा टेलिभिजनको भनेका कुरा सुन्दै पढ्ने कार्यलाई आंशिक सुनाइका रूपमा लिइने गरिन्छ । जसमा जताको कुरा महत्त्वपूर्ण छ त्यहाँको कुरा एकाग्र भएर सुन्नु आंशिक सुनाइ हो । आंशिक सुनाइलाई गौण सुनाइका रूपमा पनि लिने गरिन्छ ।

## २. एकाग्र सुनाइ

खास ज्ञान वा जानकारीका लागि ध्यान केन्द्रित गरी सुन्ने प्रक्रियालाई एकाग्र सुनाइ भनिन्छ । वक्ताको भाषिक प्रस्तुतिलाई भाषेत्तर प्रस्तुतिका साथमा बोध गर्न एकाग्र सुनाइ आवश्यक हुन्छ । एकाग्र सुनाइबाट सुनाइको अधिकतम मनोरञ्जन प्राप्त गर्न र खास तथ्य बुझ्न यस्तो प्रकारको सुनाइको आवश्यकता पर्दछ । खास गरी यस्तो शिक्षण तल्ला कक्षाका विद्यार्थीहरूलाई अधिकतम कुरा सुनेर बुझ्नका लागि आवश्यक पर्दछ ।

## ३. गहन श्रुति

भाषाभित्र व्यक्त अर्थ सन्देशहरू तथा भाषिक तत्वहरूको मर्म छिचोल्ने किसिमको श्रुतिलाई गहन श्रुति भनिन्छ । गहन श्रुतिलाई पनि दुई भागमा विभाजन गरिन्छ ।

(अ) **अर्थगत गहन श्रुति :** भाषाभित्र व्यक्त गरिएको सन्देश वा अर्थलाई विस्तृत रूपमा पहिल्याउने शिक्षणलाई अर्थगत गहन श्रुति भनिन्छ । यस्तो शिक्षणमा तथ्यपरक, अनुमानात्मक र निजात्मक खालका प्रश्नहरूलाई समेट्ने गरिन्छ । विद्यार्थीहरूलाई कुनै कुरा सुनाइ त्यसको सारांश भन्न वा लेख्न लगाउनु पनि अर्थगत गहन श्रुतिको महत्त्वपूर्ण कार्यकलाप हुन सक्छ ।

(आ) **भाषागत गहन त्रुटि :** श्रुति अभिव्यक्तिमा प्रयुक्त विभिन्न भाषिक पक्षमा आधारित अभ्यासात्मक कार्यकलापहरू भाषागत गहन श्रुतिमा गराउन सकिन्छ ।

४.	**व्यापक श्रुति**

शिक्षकले श्रुति अभिव्यक्तिको आधारमा विद्यार्थीले के गर्ने भन्ने सम्बन्धमा पहिले नै निर्देशन दिई तिनै निर्देशनबाट निर्दिष्ट कुराका सम्बन्धमा गराउने अभ्यासलाई व्यापक श्रुति भनिन्छ । यस्तो प्रकारको श्रुति गराउनाले विद्यार्थीहरूले ध्यानपूर्वक निर्दिष्ट कुरा सुन्छन् ।

यसरी हेर्दा श्रुतिलेखन शिक्षण सुनाइ सिपअन्तर्गत पर्ने महत्त्वपूर्ण शिक्षण प्रक्रिया भएकाले श्रुतिलेखनको अभ्यास गराई विद्यार्थीलाई ध्यानपूर्वक सुन्ने बानीको विकास गराउन सकिन्छ ।

### २.२.४ श्रुतिलेखनका कार्यकलापहरू

श्रुतिबोध वा श्रुतिलेखनका कार्यकलापहरू तह हेरी ध्वनि विभेदीकरण, वर्ण विभेदीकरण, वाक्य विभेदीकरण, श्रुति लेख, श्रुति रचना, बुँदा टिपोट, श्रुतिबोधात्मक प्रश्नोत्तर र विवादात्मक कुराको श्रवणकला जस्ता उत्तरोत्तर क्रममा सञ्चालन गर्नु राम्रो हुन्छ । श्रुतिलेखन शिक्षणले सुनाएर लेख्नु पर्ने कार्यको पूर्व निर्देशन, स्तर उत्सुकता र प्रवृत्तिलाई ध्यान दिइएर शिक्षकले कार्यकलाप गराएमा प्रभावकारी मानिन्छ । “श्रुति लेखनलाई पृथकीकृत शिक्षण गर्ने ध्येय नराखी वक्तासँग एकीकृत बनाई आवश्यकता परेमा पठन र लेखन कार्यसँग पनि जोडेर लैजान समेत शिक्षकले ध्यान दिनुपर्छ” (पौडेल, २०६६ : ३५) । विद्यार्थीले पढेको कुने पाठको अंश सुनाएर त्यो अंश कुन शीर्षकसँग सम्बन्धित हो भनी लेख्न लगाएर यस्ता शीर्षकको अध्ययन गराउन सकिन्छ । यसरी हेर्दा सुनाइ शिक्षणअन्तर्गत श्रुतिलेखनका कार्यकलापहरू यसप्रकार छन् :

#### २.२.४.१ ध्वनि विभेदीकरण

साना, पूर्व प्राथमिक वा आधारभूत तहकै प्रारम्भिक अवस्थामा कतिपय विद्‌यार्थीहरू भाषिक अभाषिक ध्वनि पहिचान अलमलिन सक्छन् । श्रुतिलेखनका लागि ध्वनि पहिचान र त्यसको विभेद गर्ने क्षमता पूर्व आवश्यक शर्त पनि हो । खास गरी इतर नेपाली अभाव विभाषी नेपाली शिशुहरूमा यस्तो क्षमता आफ्नो मातृभाषाको उच्चारण प्रभावका कारणले कमजोर हुन् सक्दछन् । जसले गर्दा यस्ता कक्षाहरूमा भाषिक अभाषिक ध्वनि विभेद गर्ने र बुझ्न सक्ने अभ्यास गराउन जरुरी हुन्छ । खास गरी पूर्व प्राथमिक तथा प्राथमिक तहका

कक्षाहरूमा विद्यार्थीहरूलाई शान्तसँग बस्न लगाएर एकचोटी टाढा र अर्कोचोटि नजिकबाट स्तर निकालेर सुनाउने र लेख्न लगाउने ती दुबै स्वरमा हुने फरक पहिल्याउन लगाउने, चर्को र मधुरो घोत्रे र सुरिलो स्वर सुनाएर लेख्न लगाई छलफल गरेर तिनको आपसी भिन्नता ठम्याउन लगाउनले पनि श्रुतिलेखन कार्यकलाप सहज तरिकाले गर्न सकिन्छ ( अधिकारी र शर्मा, पृ. ४९) ।

### २.२.४.२ वर्ण विभेदीकरण

शिशु कक्षा र आधारभूत तहका प्रारम्भिक कक्षाहरूमा श्रुतिलेखन क्षमता विकासका लागि वर्ण विभेदीकरण आधारभूत अभ्यास मानिन्छ । विदेशी भाषाका रूपमा नेपाली शिक्षण गर्नमा पनि प्रस्तुत कार्यकलाप आधारभूत कार्यकलाप बनेको हुन्छ । हरेक वर्णले गर्ने अर्थभेदक कार्य पहिचान गरी छुट्याउन नसकेसम्म भाषाका समग्र पक्षहरू नै कुण्ठित हुने अवस्था हुन्छ । शब्द युग्महरू सार्थक-सार्थक, सार्थक-निरर्थक, निरर्थक-निरर्थक जुनसुकै हुन सक्दछन् । सकेसम्म सार्थक शब्दयुग्म नै बढी उपयोगी हुन्छन् । जस्तैः ताप-टाप, चल-छल, धुलो-दुलो, घर-घार आदि । वर्ण विभेदीकरणका पर्याप्त अभ्यासका लागि शब्द जोडीहरूका लागि उपयोग पनि गर्नुपर्दछ । यो कार्यकलाप गराउँदा सकेसम्म सार्थक, कहिलेकाहीँ खास उद्देश्यका लागि अभ्यास गराउँदा सकेसम्म सार्थक शब्द जोडी नपाएमा सार्थक र निरर्थक शब्द जोडीको उपयोग पनि गर्न सकिन्छ (अधिकारी र शर्मा, पृ. ५०) ।

### २.२.४.३ शब्द विभेदीकरण

उच्चारणगत भिन्नता वा श्रुतिसमभिन्नता जस्ता कारणले शब्द-शब्द, शब्द कार्यगत वा अर्थगत भिन्नता, विभेद गर्न सक्ने क्षमता पनि सुनाइको लागि आधारभूत आवश्यकता मानिन्छ । हुन त कतिपय शब्द विभेद वर्णगत विभेदबाट पनि छुट्याउन सकिन्छ । यसका लागि श्रुतिश्रमभिन्नार्थक पदयोग र पदवियोग, हलन्त र अजन्त, ह्रस्व दीर्घयुक्त शब्दहरू लिई उस्तै उस्तै शब्द सुनिने युग्म बनाएर सुनाई र फरक छुट्याउन लगाउन सकिन्छ ।

### २.२.४.४ वाक्य विभेदीकरण

वाक्यात्मक संरचनाका आधारमा अर्थ र आशयगत भिन्नता छुट्याउने कार्यकलाप प्रारम्भिकदेखि माध्यमिक र उच्च माध्यमिक तहसम्म सञ्चालन गर्न सकिन्छ । उच्चारणले

आघात, गति, यति, स्वर प्रसारण (अनुतान/सुर) वाक्यात्मक भाषा, लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, करण, अकरण, प्रेरणार्थक-अप्रेरणार्थक, वाच्य, पदयोग, पदवियोग, हलन्त, अजन्त क्रिया प्रयोग आदिका आधारमा फरक संरचना भएका वाक्यहरू युग्मगत रूपमा लगाई सुनाइ छुट्याउन लगाउने अभ्यास गराउन सकिन्छ । वाक्य विभेदीकरण कार्यकलापको सशक्त अभ्यासबाट भाव र आशय अनुरूपको वाक्यात्मक अर्थबोध गरी श्रुतिलेखन दक्षता विकास गर्ने कुशलतामा अत्याधिक सफतता पाउन सकिन्छ । जस्तै :

म घर गएँ । (म घर गएँ । म घर गएँ (आघात)

तैले भनेको मानिस । तैले भनेको मानिस् । (अजन्त-हलन्त)

### २.२.४.५ श्रुति निर्देशन

शिशु कक्षा र प्रारम्भिक कक्षा र त्यसमा पनि विमातृभाषी विद्यार्थीहरूको कक्षामा श्रुति निर्देशनको कार्यकलाप पनि श्रुतिलेखनको आधारभूत कार्यकलाप बन्न सक्छ । शिक्षकले लिखित रूपमा विभिन्न निर्देशन गर्ने र सो अनुरूप विद्यार्थीलाई तत्परताका साथ काम गर्न लगाउने रोचक कार्यकलाप सञ्चालन गर्न सकिन्छ । त्यस बाहेक विद्यार्थी विद्यार्थी र समूह समूहका बिचमा पनि प्रतिस्पर्धात्मक रूपले यस्तो कार्यकलाप सञ्चालन गर्न सकिन्छ । श्रुति निर्देशनका लागि विभिन्न सन्दर्भहरूलाई समेट्न सकिन्छ; जस्तै साथीलाई ईशाराले बोलाऊ, झ्यालतिर आउ, किताब खोलेर पृष्ठ २१ फर्काउ आदि भन भन्ने आदि ।

### २.२.४.६ श्रृति उच्चारण

पाठ्यपुस्तकका पाठहरूमा भएका विभिन्न तत्सम, तद्भव, आगन्तुक शब्द र तिनका अक्षर संरचनाका सरलता र जटिलतालाई ख्याल गरी उपयुक्त उच्चारको अभ्यास गराउनुपर्ने हुन्छ । नेपालीमा कतिपय यस्ता प्रसङ्गहरू छन् जो जस्तो लेखिन्छन् त्यस्तै उच्चारण नहुन सक्छन् : जस्तै : कन्या-कन्या, विद्या-विद्दया, अक्षर-अच्छेर आदि । संयुक्त, मिश्र, नासिक्य, हलन्त, अजन्त, योगात्मक वियोगात्मक आदि उच्चारणमा विद्यार्थीहरूले प्रशस्त त्रुटि गर्न सक्छन् । त्यस्तै लेख्य चिह्नको प्रयोग, स्वर प्रसारण र आघात अनुसारको उच्चारण जस्ता विविध क्षेत्रमा पनि प्रशस्त त्रुटि गर्न सक्छन् । त्यस्तै लेख्य चिह्नको प्रयोग, स्वर प्रसारण र आघात अनुसारको स्वर उच्चारण जस्ता विविध क्षेत्रमा पनि त्रुटि गर्न

सक्छन् । कतिपय वर्णगत अनभिज्ञता ध्य, द्ब, द्ब, द्ब, त्त, त आदिमा पनि उच्चारण गर्न सकिन्छ ।

प्रारम्भदेखि नै माध्यमिक तहमा पनि कतिपय अवस्थामा उच्चारण अभ्यासका कार्यकलाप सञ्चालन गर्नुपर्ने हुन्छ । यस्तो अभ्यास शब्द, पदावली र वाक्यात्मक तहमा आवश्यकता अनुसार सञ्चालन गर्नुपर्ने हुन्छ ।

**२.२.४.७ श्रुति प्रयोग**

स्तर वा कक्षा अनुरूप उपयुक्त हुने खालका शब्द पदावली उखान टुक्का र विविध पारिभाषिक शब्दलाई विविध प्राविधिक शब्दहरूलाई विविध सन्दर्भमा प्रयोग गरी सुनाउन लगाउन सकिन्छ । यस्तो कार्यकलापबाट शब्द वा शब्दवत् प्रयोग हुने भाषिक एकाईको अर्थबोध गरी प्रासङ्गिक र मौलिक प्रयोग गर्ने क्षमता विकासमा मद्दत पुग्दछ । शब्दको प्रासाङ्गिक अर्थबोध गर्ने क्षमतामा सहयोग पुऱ्याउने भएकाले श्रुतिलेखनका लागि यो अपरिहार्य छ ।

**२.२.४.८ श्रुतिलय**

श्रवणकालको अर्को महत्त्वपूर्ण कार्यकलाप श्रुतिलय वा श्रुति अनुप्रास हो । जस्तै खालको ध्वनि, वर्ण, शब्द वा पदावलीको नियमित आवृत्ति नै अनुप्रास हो । कल्पना, भावना र सङ्गीतात्मक वा लयात्मक कथन सौन्दर्यको निर्माण गरी प्रभावकारी धारणा बसाल्न अभिव्यक्ति सिंगार्न र सिर्जनशील भाषिक कौशल गर्नु पनि हो ।

**२.२.४.९ श्रुत कथा कथन**

श्रुति बोधात्मक कार्यकलापहरू मध्ये श्रुत कथा कथन पनि एक महत्त्वपूर्ण कार्यकलाप हुन सक्छ । विद्यार्थीमा श्रवण एकाग्रता निर्माण गरी बुझ्न धारणा गर्न र सोही अनुसारका मुखमुद्रा, हाउभाउ, भाषेत्तर कार्यकलापका साथ सिलसिलाबद्ध कथन अभिव्यक्ति विकास गर्न यो कार्यकलाप प्रभावकारी मानिन्छ ।

**२.२.४.१० श्रुति वर्णन**

विद्यार्थीहरूलाई खास किसिमका स्तर युक्त घटना विषय वस्तु विचार समाचार आदि सविस्तार सुनाई आलोपालो गरी सुनेका कुरा भन्न लगाउने किसिमको कार्यकलापलाई

श्रुति वर्णन गरिन्छ । यो कार्यकलाप सञ्चालन गर्दा सुनेको कुरा विद्यार्थीले वर्णन गरी सुनाउनु पर्ने कुराको बारेमा पूर्व सचेत गराउनु आवश्यक हुन सक्छ साथै आवश्यकता हेरी एक वा एक भन्दा बढी विषयको वर्णन क्रमश सुनाउन सकिन्छ र श्रवण कार्य समाप्त भए पछि कसैलाई केही केही भन्न लगाउन सकिन्छ । 'श्रवण एकाग्रता' स्मरण शक्ति र ग्रहण वा धारणा शक्तिको विकास र अन्ततः कथन अभिव्यक्ति विकासमा यो कार्यकलाप अत्यन्तै प्रभावकारी हुन्छ" (पौडेल, २०७० : ४०) ।

### २.२.४.११ श्रुति लेखन

कुनै वर्णयुग्म, शब्दयुग्म, वाक्य समुह वा अनुच्छेद सुनेका आधारमा उपयुक्त उच्चारण तथा वर्ण विन्यास अनुरूप लेख्य अभ्यस्त गराउन श्रुति लेखन गराइन्छ । सुनेर बुझेको आधारमा लेख्नु नै श्रुति लेखन हो । श्रुति लेखनको कार्यकलाप सञ्चालन गर्दा शान्त वातावरण कायम गर्नु जरुरी हुन्छ । दिमाग कान आँखा र हातको कुशल संयोजन हुनु आवश्यक हुन्छ । 'शिक्षकले स्तर र आवश्यकता अनुसार शब्द/पदावली, वाक्य र अनुच्छेदको श्रुति लेखन गराउन सक्दछन् । अपेक्षित र विशिष्टतर लेखन कलाका लागि प्रमुख आधार मानिने श्रुतिलेख श्रुतिलेखनका लागि पनि एक अपरिहार्य भएको सहजै अनुमान गर्न सकिन्छ" (पौडेल, २०७० : ४१) ।

### २.२.४.१२ श्रुति रचना

श्रुति रचना श्रुतिलेखन क्षमता विकासको उत्कृष्ट कार्यकलाप हो । "सुनेको आधारमा वर्णन भने गर्ने कार्यकलाप नै श्रुति रचना हो" (शर्मा, २०७१: ५४) । यस प्रकारको कार्यकलापलाई सुनाइ, बोलाइ, लेखाइको सिपको अभ्यासमा उपयोग गर्न सकिन्छ । यसमा पहिले कुनै घटना वा विषयका बारेमा सुनाउनु पर्दछ । विद्यार्थीहरूलाई जसरी सुनाएका घटना वा विषयका बारेमा सुनाउनु पर्दछ । विद्यार्थीहरूलाई जसरी सुनाएका घटना प्रसङ्ग वा विषय आफूले बुझेका आधारमा तिनका बारेमा भन्न वा लेख्न लगाउन सकिन्छ । शिक्षकले श्रुति रचनाका लागि शिक्षार्थीले नपढेका कथा जीवनीका साथै अन्य घटना वा विषयवस्तुसँग सम्बन्धित वर्णनात्मक विवरणात्मक अंशको उपयोग गर्न सक्छन् ।

### २.२.४.१३ श्रुतिलेखनात्मक प्रश्नोत्तर

शिक्षकले शिक्षणका क्रममा गरेका व्याख्यान वर्णन, वाचन आशय अन्य कुनै प्रासङ्गिक कुरा सुनेपछि गरिने तत् सम्बन्धी प्रश्नोत्तर कार्यकलापलाई श्रुति बोधात्मक प्रश्नोत्तर भनिन्छ । सुनेर बुझेका आधारमा गरिने सवाल जवाफ भाषा शिक्षणका लागि मात्र नभई समग्र शैक्षणिक गतिविधिको अभिन्न र अपरिहार्य कार्यकलाप पनि हो । यस्तो कार्यकलाप सञ्चालन गर्दा विद्यार्थीलाई पूर्व सचेत र तत्पर बनाउन आवश्यक परे स्पष्ट र मन्द गतिमा सुनाउनु पर्दछ । श्रुतिलेखनात्मक प्रश्नोत्तरका लागि प्रश्नका आकार प्रकारमा स्तर सापेक्षता र विविधता हुनु जरुरी हुन्छ । शिक्षार्थीलाई कुनै कथा जीवनी वा अन्य कुनै घटना सुनाउने र तत्सम्बन्धी प्रश्नोत्तर गराउने, गहन खालका वा सुक्तिमय एक, दुई वा तिनवटा वाक्यहरू सुनाउने र त्यसमा व्यक्त विचारलाई अर्के ढङ्गले वा अर्को शब्दमा व्यक्त गर्न लगाउने कार्यकलाप समेत गर्न सकिन्छ । "श्रुतिलेखनात्मक प्रश्नोत्तर गर्दा रोचक घटना वा समाचार सुनाई तयसका बारेमा विद्यार्थीहरूको प्रतिक्रिया माग्ने" कार्य समेत गर्न गराउन सकिन्छ" (शर्मा, २०७१ : ५४) ।

### २.२.४.१४ श्रुति बुँदा टिपोट

कुनै पाठ वा घटना, विचार प्रतिवेदन लेख, समाचार, टिप्पणी आदि सुनाई-सुनेका आधारमा मुख्य मुख्य कुरा टिपोट गर्न लगाउने कार्यकलापलाई श्रुति बुँदा टिपोट भनिन्छ । यसलाई श्रुतिलेखनात्मक प्रश्नोत्तर भित्रै पनि समेट्न सकिन्छ । यस कार्यकलाप सञ्चालन गर्दा विद्यार्थीलाई ध्यानपूर्वक सुन्न र नबुझेका प्रसङ्गमा प्रश्न सोध्न प्रेरित गर्नु आवश्यक छ र मौखिक भन्दा लिखित रूपमा गराउनु नै प्रभावकारी हुन्छ । बुँदा टिपोट पूर्ण वाक्यात्मक वा अपूर्ण वाक्यात्मक दुवै प्रकारको हुन सक्दछ तर विद्यार्थीलाई सुरु सुरुमा पूर्ण वाक्यात्मक अभ्यास गराएर पनि पछि पछि अपूर्ण वाक्यात्मक टिपोट अभ्यास गराउनु राम्रो मानिन्छ ।

### २.२.४.१५ श्रुति सारांश

यसमा विभिन्न प्रासङ्गिक कुराहरू सुनेर तिनको सार कुरा बुझी तिनै सारभूत कुराहरूमा सम्झेर लेख्नु वा भन्नु पर्ने अलि उच्च स्तरीय क्रियाकलाप हो । यसलाई पनि

केही हदसम्म श्रुतिलेखनात्मक प्रश्नोत्तर कार्यकलापभित्र समेट्न सकिन्छ । यो कार्यकलाप सञ्चालन गर्दा सारांश लेखनका सार्न्दभित्र नमुना प्रर्दशन गरी अघि सर्नु राम्रो हुन्छ ।

### २.२.४.१६ श्रुति विवाद

कुनै विवादास्पद कुरा अथवा विपक्ष ‘समर्थन असमर्थन, सहमत असहमत वा खण्डन मण्डन गर्ने कुरा श्रवण गराएर विद्‌यार्थीलाई सम्बन्धित विषयको वा विपक्षमा बोल्न । लेख्न अथवा टिप्पणी गर्न लगाउने कार्यकलापलाई श्रुति विवाद भनिन्छ । खण्डन वा मण्डन कार्यकलापपछि समाप्ति पछि आवश्यक टिप्पणी गरी सकारात्मक सुधारको प्रेरणा दिनु राम्रो हुन्छ । यस्तो कार्यकलाप ध्यानपूर्वक सुन्ने/बुझ्ने स्मरण गरी धारणा गर्ने आवश्यकता तर्क वितर्क सहित उपयुक्त अभिव्यक्ति दिने उत्कृष्ट अभिव्यक्तिगत क्षमताको विकास गर्न सकिन्छ ।

### २.२.५ लेखाइ सिप र श्रुतिलेखन

भाषा विचार विनिमयको प्रभावकारी माध्यम भएकाले भाषाका चारवटा सिपहरू ( सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मध्ये अभिव्यक्ति सिपअन्तर्गत लेखाइ सिप र श्रुतिलेखन एक आपसमा अन्तरसम्बन्धित छन् । सुनाइको माध्यमबाट मात्र लेखाइ सिपको वा श्रुतिलेखनको अभ्यास गराउन सकिने भएकाले लेखाइ सिप र श्रुतिलेखन एक आपसमा अन्तरसम्बन्धित भएकाले दुबै सिपलाई लेखाइ सिपअन्तर्गत लिने गरिन्छ । लेखाइ सिप व्यावहारिक कार्यकलाप पनि हो । व्यावहारिक आवश्यकताका दृष्टिले पनि लेखनका कार्यकलापहरू आजको समाजका सामान्य शिक्षित व्यक्तिका लागि अपरिहार्य बनेको छ । लेखाइ सिपको विकासका लागि श्रुति लेखन मार्फत निर्दिष्ट अंशको प्रभावकारी ढङ्गले भावनार्थ पक्षको प्रमाणित गरिन्छ । श्रुतिलेखनले विद्यार्थीको लिखित अभिव्यक्ति क्षमता बढाउनका साथ साथै लेखन सिप र शैलीलाई मजबुत बनाउन सहयोग मिल्छ । त्यसैले लेखन सिप र श्रुति लेखन एक आपसमा लेखाइ सिपसँग सम्बन्धित छन् । विद्यार्थीमा लेखन सिपको नै विकास भएको छैन भने श्रुतिलेखनमा पनि यसले प्रभाव पार्ने गर्दछ । जुन विद्यार्थीमा श्रुतिलेखन क्षमता राम्रो छ । त्यो लेखाइ सिपको प्रमाण हो भन्न सकिन्छ, त्यसैले यी दुई लेखन सिप एक अर्काका परिपूरक र अन्तरसम्बन्धित छन् ।

### २.२.६ विद्यालय तहमा श्रुतिलेखनको प्रयोजन

लेखन सिप विकासको प्रगतिपथ खुड्किलोका रूपमा श्रुतिलेखनको अभ्यास विद्यालय तहमा गराउनु अपरिहार्य आवश्यकता पनि हो । खास गरेर विद्यार्थीहरूमा ध्यानपूर्वक सुनेका कुरालाई लिखित रूपमा लैजान श्रुतिलेखनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । श्रुतिलेखन खास गरेर विद्यालय तहमा विद्यार्थीहरूलाई एकाग्रतापूर्वक सुनेर महत्त्वपूर्ण कुराहरूको टिपोट गर्ने बानीको विकास गर्ने प्रयोजनका लागि समेत प्रयोग गर्ने गरिन्छ । विद्यालय तहमा यस्तो प्रकारको श्रुतिलेखनको अभ्यास  गराउनाले लेख्य चिह्नको प्रयोग, वर्णविन्यासगत कमीकमजोरी समेत हटेर जाने र स्पष्ट र सफा लेख्ने लेखन कलाको समेत विकास हुने भएकाले विद्यालय तहदेखि नै श्रुतिलेखनको प्रयोजनका लागि अभ्यास गराउनु जरुरी छ । खासगरी दिइएका अनुच्छेदलाई शिक्षकले पटक पटक दोहोऱ्याउँदै अभ्यास गराउनाले विद्यार्थीहरूमा ध्यानपूर्वक बोध गरी लेख्न सक्ने सिर्जनात्मक क्षमताको समेत विकास हुने गर्दछ । विद्यालय तहमा यस्तो प्रकारको लेखन सिपको विकास गराउन सकेमा तल्लो कक्षादेखि नै शुद्ध र स्पष्टसँग लेख्ने बानीको विकास भई कमीकमजोरी समेत सुधार भएर जान्छ । विद्यालय तहमा पढ्ने विद्यार्थीहरूको लेखन सिप विकास गराउन र महत्त्वपूर्ण घटनाहरूलाई समेत सम्झेर लेख्न सक्ने बानीको विकास गराउन समेत विद्यालय तहमा श्रुतिलेखनलाई प्रयोजनका निम्ति प्रस्तुत गरिन्छ । विद्यालय तहमा श्रुतिलेखनको अभ्यास गराउनका लागि शिक्षकले शान्त वातावरणमा एकाग्रताका साथ सुन्न लगाई लेख्न सक्ने बनाउनका लागि श्रुतिलेखनको आवश्यकता पर्दछ । सुनेर लेख्ने बानीको विकास गराउनाले विद्यार्थीमा ध्यानपूर्वक मनन् गरी अभिव्यक्त गर्ने सिपको समेत विकास गराउनका लागि यसको महत्त्व रहेको छ ।

## अध्याय तिन

# शोधविधि र प्रक्रिया

कुनै पनि अनुसन्धान गर्ने क्रममा निश्चित विधि र प्रक्रिया निर्क्योल गर्नुपर्ने हुन्छ । तसर्थ यस अनुसन्धान प्रस्तावका लागि निम्न विधि र प्रक्रिया अपनाइएको छ ।

## ३.१ शोधविधि

अनुसन्धानको क्रममा अनुसन्धानकर्ताको समन्वयमा समस्याको सामधान गर्न अपनाइने विधिलाई अनुसन्धान विधि भन्ने गरिन्छ । यसरी अनुसन्धानकर्ताले स्वयम् स मस्या समाधानका लागि अनुसन्धान स्थलमा गएर, क्षेत्रीय विधि मार्फत अनुसन्धान गर्नु अनुसन्धान विधिको एउटा रूप हो । कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको श्रुति लेखन क्षमताको अध्ययन शीर्षक प्रत्यक्ष रूपमा विद्यार्थीहरूसँग सम्बन्धित भएकाले विद्यार्थीलाई केन्द्रित गरी क्षेत्रीय विधि र सर्वेक्षण विधिको प्रयोग गरिएको छ ।

## ३.२ शोध प्रक्रिया

शोधपत्र लेखनका क्रममा विभिन्न प्रक्रियालाई अपनाएर अध्ययन गर्नाले अध्ययन सुनियोजित हुन जान्छ । जसले गर्दा निश्चित प्रक्रिया अपनाएर अध्ययन गरेमा अध्ययन प्रभावकारी हुन जान्छ । यसरी शोधपत्र लेखनका क्रममा निम्न प्रक्रियाका आधारमा अनुसन्धान गरिएको छ ।

### ३.२.१ जनसङ्ख्याको पहिचान

प्रस्तुत अध्ययन कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययनमा आधारित रहेको छ । यस अध्ययन काठमाडौं जिल्लाका पाँचवटा सामुदायिक र पाँचओटा संस्थागत विद्यालयका ५०/५० जना गरी जमम १०० जना विद्यार्थीलाई जनसङ्ख्याका रूपमा लिइएको छ । यसरी यस विद्यालयका विद्यार्थीलाई अध्ययनको आधार बनाइएको छ ।

### ३.२.२ प्रतिनिधि नमुना छनोट

प्रस्तुत शोध अध्ययनमा काठमाडौं जिल्लाका सम्पूर्ण विद्यालयलाई लिन असम्भव हुने भएकाले प्रतिनिधि नमुनाका रूपमा ५ वटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयलाई लिइएको छ । जसमा १० वटा विद्यालयबाट १० जनाका दरले १०० जना विद्यार्थीलाई नमुना रूपमा लिइएको छ ।

## ३.३ सामग्री सङ्कलनका स्रोत

सामग्री सङ्कलनका क्रममा खास गरी दुई तरिकाबाट सामग्री सङ्कलन गरिन्छ :

### ३.३.१ प्राथमिक स्रोत

यस शोधपत्र तयार पार्नका लागि प्राथमिक स्रोत र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरिन्छ । प्राथमिक स्रोतका रूपमा विद्यार्थीले लेखेको उत्तर पुस्तिकालाई लिई अनुसन्धन गरिन्छ ।

तथ्याङ्क सङ्कलनका क्रममा नमुनाका रूपमा कक्षा तिनमा अध्ययनरत विद्यार्थीबाट निर्धारित शीर्षकको उच्चारण गरी निश्चित पाठ र समयमा श्रुति लेखन गर्न लगाइएको छ । नमुना जनसङ्ख्याका रूपमा चयन गरिएका विद्यालयबाट तथ्याङ्क सङ्कलन गरी श्रुति लेखन क्षमता प्राथमिक तहका विद्यार्थीलाई निश्चित समय र शान्त वातावरणमा गर्न लगाइएको छ ।

### ३.३.२ द्वितीय स्रोत

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा प्राथमिक स्रोतका साथ साथै द्वितीय स्रोतका माध्यमबाट पनि सामग्री सङ्कलन गरिन्छ । द्वितीय स्रोतका रूपमा विभिन्न पूर्व अध्ययन सामग्रीहरू पाठ्यपुस्तकका सामग्रीहरूलाई आधार बनाएर अध्ययन गरिएको छ ।

## ३.४ सामग्री निर्माण

प्रस्तुत अध्ययनमा प्रत्यक्ष रूपमा विद्यार्थीको संलग्नता आवश्यक हुने र त्यसमा पनि उनीहरूको क्षमता पहिचान गर्नुपर्ने भएकाले त्यससँग सम्बन्धित तथ्याङ्कका लागि

सर्वोकृष्ट माध्यम परीक्षणलाई लिइएको छ । यस्तो परीक्षणका लागि विद्यार्थीहरूलाई लिइएको छ ।

**३.५ तथ्याङ्कको व्याख्या विश्लेषण** विद्यार्थीलाई लेखाइ सिप विकासका लागि विभिन्न विधिहरूलाई अगाडि ल्याइ वा विभिन्न क्षेत्रसँग सम्बन्धित विधाहरूको उपयोग गरी विद्यार्थीहरूको लेखन क्षमतामा विविधता ल्याउन सकिन्छ । यस अध्ययनबाट काठमाडौं जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता पहिचान गर्ने उद्देश्य राखी क्षेत्रीय अध्ययन विधि अनुसार विभिन्न १० वटा विद्यालयबाट १०/१० जनाको दरले १०० जना विद्यार्थीलाई अध्ययनका लागि तथ्याङ्क सङ्कलन गरिएको छ । व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रूप दिन प्रतिशतमा व्यक्त गरिने र तालिकीकरण समेत गरिएको छ । यसरी प्रतिशतमा लगी तालिकीकरण गर्ने क्रममा लिइएको परिक्षणबाट निर्धारित मूल्याङ्कनका आधारहरु मार्फत मूल्याङ्न गरिएको छ । जसमा मूल्याङ्न गर्ने क्रममा जम्मा १० पूर्णाङ्क मध्ये श्रुतिबोध क्षमता ४ अंक, लेख्य चिन्हको प्रयोग ३ अंक, वर्णविन्यासगत त्रुटी ३ अंकको आधारमा नतिजा निकालिएको छ । विद्यार्थीले श्रुति लेखनका क्रममा के कसरी यस्ता तरिकाहरुको प्रयोग गरिएको छ भनेर मूल्याङ्नका लागि यस्ता माध्यम मार्फत व्याख्या तथा विश्लेषण गरिएको हो ।

# अध्याय चार

## समग्र विद्यार्थीको श्रुतिलेखन क्षमताको स्थिति

भाषाका चारवटा सिपमध्ये लेखाइ सिपले विद्यार्थीले गरेको ज्ञान, अनुभवका साथसाथै सिर्जनात्मक क्षमता प्रस्फुटन गर्न सहयोग गर्दछ । विद्यार्थीको लेखाइ सिप वा लेखन क्षमताको अभिवृद्धि गर्न लेखाइ सिपले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यस शोधकार्यमा विद्यार्थीहरूले व्यक्त गरेका कुरालाई विभिन्न आधारमा पहिचान गरी परिणाम, छलफल, व्याख्या विश्लेषण गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

यस अध्ययनमा काठमाडौँ जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । काठमाडौँ जिल्ला भित्रका १० वटा विद्यालयका १०० जना विद्यार्थीबाट प्राप्त सामग्रीलाई सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएको सामग्रीलाई विभिन्न कोणबाट व्याख्या विश्लेषण र छलफल गरिएको छ । यसरी व्याख्या विश्लेषणका क्रममा विषयवस्तु, भाषाशैली र वर्णविन्यास जस्ता तत्वलाई आधार मानेर विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा विद्यालयको प्रकृति, लैङ्गिकता र समग्र विद्यार्थीको श्रुतिलेखन क्षमता जस्ता पक्षहरूको आधारमा श्रुतिलेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन गरिएको छ ।

'काठमाडौँ जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको श्रुति लेखन क्षमताको अध्ययन' शीर्षकमा उक्त जिल्लाका १० (दश) वटा विद्यालयलाई छनोट गरी अध्ययन गरिएको छ । अध्ययन गर्ने क्रममा दशवटा विद्यालयका जम्मा १०० (सय) जना विद्यार्थीको नमुना छनोट गरी अध्ययन गरिएको छ । अध्ययन गर्ने क्रममा काठमाडौँ जिल्लाको कीर्तिपुर स्थित कक्षा तिनमा अध्ययनरत विद्यार्थीको समग्र अनुच्छेद लेखन क्षमताको स्थिति निम्न रहेको छ :

## तालिका नं. १

## समग्र विद्यार्थीहरूको श्रुति लेखन क्षमताको स्थिति


| जम्मा विद्यार्थी सङ्ख्या | ४० प्रतिशतसम्म अङ्क ल्याउने | | ४०-५० प्रतिशतसम्म अङ्क ल्याउने | | ५०-६० प्रतिशतसम्म अङ्क ल्याउने | | ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ६२ | ६२ | २४ | २४ | ९ | ९ | ५ | ५ |

माथिको तालिकाका आधारमा हेर्दा अध्ययनको छनोटमा परेका १० वटा विद्यालयका सय जना विद्यार्थीहरू रहेका छन् । यस तथ्याङ्कलाई समग्रमा हेर्दा सय जना विद्यार्थीहरूलाई उनीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार ४० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६२ अर्थात् ६२% रहेको देखिन्छ । यसैगरी ४०-५० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २४ अर्थात् २४% रहेको पाइन्छ । त्यसैगरी ५०-६० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ९ जना अर्थात् ९ प्रतिशत रहेको देखिन्छ भने ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थीको संख्या ५  जना अर्थात् ५ प्रतिशत रहेको छ ।

यसरी माथिको तालिकाले के प्रस्ट पार्छ भने ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउनेको सङ्ख्या ५ मात्र रहेको पाइन्छ । सबैभन्दा बढी ४० प्रतिशतसम्म अङ्क ल्याउने रहेका छन् । यसरी यस तथ्याङ्कलाई समग्रमा हेर्दा काठमाडौं जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताको स्थिति खासै प्रभावकारी रहेको पाइँदैन । त्यसैले ४० प्रतिशतभन्दा कम अङ्क ल्याउनेको सङ्ख्या ६२ रहेकाले लेखाइ सिपमा जोड दिनुपर्ने देखिन्छ ।

चित्र नं. १

समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको स्थिति




## ४.१ विषयवस्तुका आधारमा

विषयवस्तुका आधारमा काठमाडौँ जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तथ्याङ्कीय स्वरूपलाई विद्यार्थी समूहमा श्रेणी र प्रतिशतका आधारमा तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. २**

| जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | ६२ | ६२ | २४ | २४ | ९ | ९ | ५ | ५ |

माथिको तालिकाअनुसार जम्मा विद्यार्थी सङ्ख्या सय जना रहेको छ। जसअनुसार उत्तम ५ जना प्रतिशतमा हेर्दा ५ प्रतिशत, मध्यम ९ जना अर्थात् ९ प्रतिशत, सामान्य २४ जना अर्थात् २४ प्रतिशत र निम्न ६२ अर्थात् ६२ प्रतिशत रहेको पाइन्छ। यसरी हेर्दा

धेरैजसोको विषयवस्तुप्रति प्रयोग गराइ वा बोध गराइ राम्रो देखिन्छ भने केहीको विषयवस्तुप्रति बोध गराई खासै राम्रो देखिँदैन ।

## ४.२ वर्णविन्यासका आधारमा

वर्णविन्यासका आधारमा समग्र विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

| जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | १५ | १५ | २५ | २५ | ३५ | ३५ | ३० | ३० |

प्रस्तुत अध्ययनअनुसार समग्रमा १०० जना विद्यार्थीमध्ये वर्णविन्यास सम्बन्धी श्रुतिलेखनको कमजोरी भएका समग्र विद्यार्थीमा उत्तम १०० जनामा १५% रहेको पाइन्छ भने मध्यममा २५ प्रतिशत अर्थात् २५ जना रहेको पाइन्छ भने ३५ प्रतिशत सामान्य र ३० प्रतिशत निम्न क्षमता भएको पाइन्छ । यसका आधारमा हेर्दा श्रुतिलेखन लेखन क्षमता कक्षा तिनमा सन्तोषजनक नै पाइन्छ । तर वर्णविन्यास सम्बन्धी कमजोरी भने अझ बढी सुधार गर्नुपर्ने देखिन्छ ।

## ४.३ भाषाशैलीका आधारमा समग्र विद्यार्थीको श्रुतिलेखन क्षमता

कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको भाषाशैलीका आधारमा श्रुतिलेखन क्षमतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४**

| जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | २० | २० | ४० | ४० | २५ | २५ | १५ | १५ |

प्रस्तुत तालिकाअनुसार समग्र विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई अध्ययन गर्दा भाषाशैलीका आधारमा १०० जना विद्यार्थीमध्ये उत्तम भाषाशैली प्रयोग गर्ने २० जना अथाृत् २० पतिशत मध्यम भाषाको प्रयोग गर्ने ४० प्रतिशत रहेको पाइन्छ भने सामान्य भाषाको प्रयोग गर्ने २५ जना अर्थात् २५ प्रतिशत र निम्न भाषाको प्रयोग गर्ने १५ प्रतिशत रहेको पाइन्छ । यस माथिको तालिकाअनुसार सबैभन्दा बढी मध्यम भाषाशैली प्रयोग गर्नेको सङ्ख्या बढी पाइन्छ भने सबैभन्दा कम निम्न भाषा अर्थात् निम्न भाषाशैली प्रयोग गर्नेको सङ्ख्या १५ रहेको पाइन्छ । यसरी हेर्दा समग्र विद्यार्थीको भाषाशैलीको प्रयोग गराई सन्तोषजनक नै देखिन्छ ।

## अध्याय पाँच

# विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति

## ५.१ विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा काठमाडौँ जिल्लाका कक्षा तिनमा अध्ययनरत १० वटा विद्यालयका सय जना विद्यार्थीहरूमा गरिएको यो अध्ययन संस्थागततर्फ ५ वटा र सामुदायिकतर्फ ५ वटा विद्यालय छनोट गरिएका छन् । यस अध्ययनमा यी दुबै धारका विद्यालयका विद्यार्थीहरूबिच श्रुतिलेखन क्षमता के कति अन्तर रहेको छ भन्ने कुरालाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । यस अध्ययनमा विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ । यसमा ( $\bar{X}) = \frac{\Sigma X}{N}$ सुत्रको प्रयोग गरेर औसताङ्क निकालिएको छ ।

संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रकृतिलाई हेर्दा निम्न प्रकारको औषताङ्क आएको पाइन्छ ।

$$\bar{X} = \frac{\Sigma X}{N}$$

$$= \frac{२३७}{५०}$$

$$= ४.७४\%$$

सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कलाई हेर्दा निम्न अनुसारको औषताङ्क आएको पाइन्छ ।

$$\bar{X} = \frac{\Sigma X}{N}$$

$$= \frac{२००.५}{५०}$$


$$= ४.०१\%$$

माथिको तालिकालाई हेर्दा संस्थागत विद्यालयका जम्मा ५० जना विद्यार्थीहरूको प्राप्ताङ्क २३७ र सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीको प्राप्ताङ्क २००.५ रहेको पाइन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीको औषताङ्क ४.०१ र संस्थागत विद्यालयका विद्यार्थीको औषताङ्क ४.७४% रहेको पाइन्छ । प्रस्तुत विद्यालयीय तथ्याङ्कलाई प्राप्ताङ्क र प्रतिशतका आधारमा तलको तालिका उल्लेख गरिएको छ :

**तालिका नं. ५**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| सामुदायिक | ५० | २००.५ | ४.०१ |
| संस्थागत | ५० | २३७ | ४.७५ |

**स्तम्भ चित्र नं. २**




उपर्युक्त तीलिकाको आधारमा तुलनात्मक रूपमा संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता कमजोर रहेको पाइन्छ । यस अध्ययनमा १० वटा विद्यालयमा जम्मा १०० जना विद्यार्थीहरू रहेका छन् । संस्थागत विद्यालयमा ५० जना र सामुदायिक विद्यालयमा ५० जना विद्यार्थीलाई  जम्मा १० पूर्णाङ्क कायम गरिएको छ । सामुदायिक विद्यालयका ५० जना विद्यार्थीको जम्मा योगफल २००.५ रहेको छ । यसका आधारमा विद्यार्थीले ४.०१ प्रतिशत अङ्क ल्याएका छन् । त्यसैगरी

संस्थागत विद्यार्थीका जम्मा पचास जना विद्यार्थीको कूल योगफल २३७ रहेको छ । यसको आधारमा विद्यार्थीले ४.७५ प्रतिशत अङ्क ल्याएका छन् । यसरी यस तथ्याङ्कलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थागत विद्यालयका विद्यार्थीको प्राप्ताङ्क बढी देखिएकाले यसको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता बढी रहेको पाइन्छ ।

यसरी श्रुतिलेखन क्षमताको व्याख्या तथा विश्लेषण गर्दा प्राप्त परिणाामलाई विभिन्न आधारमा विश्लेषण गरिएको छ । विषयवस्तु, भाषाशैली र वर्णविन्यास  जस्ता पक्षहरूबाट प्राप्त नतिजालाई तिनवटा श्रेणीमा विभाजन गरी एक आपसमा तुलना गरिएको छ ।

### ५.१.१ विषयवस्तुको आधारमा

काठमाडौं जिल्लाका कक्षा तिनमा अध्ययनरत नमुना छनोटमा परेका जम्मा सय विद्यार्थीहरूको श्रुतिलेखन क्षमता अध्ययन गर्ने क्रममा पचास जना संस्थागत र ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक अध्ययन तालिका तल प्रस्तुत गरिएको छ :

**तालिका नं. ६**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | ३ | ६ | ५ | १० | १० | २० | ३२ | ६४ |
| संस्थागत | ५० | ४ | ८ | ६ | १२ | १२ | २४ | २८ | ५६ |

उपर्युक्त तालिकालाई अध्ययन गर्दा सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीमध्ये ३ जना उत्तम, ५ जना मध्यम, १० जना सामान्य र ३२ जना निम्न आएका छन् भने यिनीहरूको प्रतिशतलाई मूल्याङ्कन गर्दा प्रतिशत क्रमशः ६, १०, २० र ६४ रहेको पाइन्छ । यसैगरी संस्थागत विद्यालयका ५० जना विद्यार्थीमध्ये ४ जना उत्तम, ६ जना मध्यम, १२ जना सामान्य र २८ जना निम्नमा रहन सफल भएको पाइन्छ । संस्थागत

विद्यालयका विद्यार्थीहरूको प्रतिशत क्रमशः ८, १२, २४ र ५६ रहेको छ । यस माथिको परिणाामलाई हेर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत द्यिालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता केही मात्रामा बढी देखिन्छ भने सामुदायिक विद्यालयका विद्यार्थीको श्रुतिलेखन क्षमता थोरै कमजोर रहेको देखिन्छ ।

### ५.१.२ वर्णविन्यासका आधारमा श्रुतिलेखन क्षमता

वर्णविन्यासका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अध्ययन तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ७**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | २ | ४ | १४ | २८ | २२ | ४४ | १९ | ३८ |
| संस्थागत | ५० | ६ | १२ | ९ | १८ | ११ | २२ | १९ | ३८ |

प्रस्तुत अध्ययनअनुसार सामुदायिक विद्यालयका पचास जना विद्यार्थीहरूमध्ये उत्तममा २ जना, मध्यममा १४ जना, सामान्यमा ४४ जना र निम्नमा १९ जना रहेको देखिन्छ भने उक्त संख्याका आधारमा व्याख्या विश्लेषण गर्दा क्रमशः ४, १४, ४४ र ३८ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा संस्थागत विद्यालयका ५० जना विद्यार्थीमध्ये ६ जना उत्तम, ९ जना मध्यम, ११ जना सामान्य र १९ जना निम्न रहेका छन् । यस आधारमा हेर्दा क्रमशः विद्यार्थीको प्रतिशत क्रमशः १२, १८, २२ र ३८ रहेको पाइन्छ । यसरी हेर्दा श्रुतिलेखनमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वर्णविन्यास खासै सन्तोषजनक पाइँदैन । यस अध्ययनमा वर्णविन्यासको प्रयोग कमजोर देखिन्छ । यस आधारमा हेर्दा दुबै विद्यालयले वर्णविन्यासगत कमजोरी सुधार गर्नुपर्ने देखिन्छ ।

### ५.१.३ भाषाशैलीका आधारमा श्रुतिलेखन क्षमताको अध्ययन

भाषाशैलीका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ८**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | १० | २० | १६ | ३२ | २० | ४० | ४ | ८ |
| संस्थागत | ५० | ८ | १६ | २० | ४० | १८ | ३६ | ४ | ८ |

उपर्युक्त तालिकाअनुसार सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीमध्ये १०ष जना अर्थात् २० प्रतिशत उत्तम, १६ जना मध्यम अर्थात् ३२ प्रतिशत मध्यम रहेका छन् भने २० जना अर्थात् ४० प्रतिशत सामान्य र ४ जना अर्थात् ८ प्रतिशत विद्यार्थीमा श्रुतिलेखन क्षमता निम्न रहेको पाइन्छ । यस तथ्याङ्कमा संस्थागत विद्यालयको नतिजालाई हेर्दा ५० जना विद्यार्थीमध्ये ८ जना उत्तम, २०  जना मध्यम,१८ जना सामान्य र ४ जना निम्न रहेका छन् भने यी विद्यार्थीको क्रमशः प्रतिशत १६, ४०, ३६ र ८ रहेको देखिन्छ । यस नतिजाका आधारमा तथ्याङ्कलाई व्याख्या गर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको भाषाशैलीको स्तर बराबर नै देखिन्छ । जसले गर्दा प्राप्त नतिजा सन्तोषजनक नै रहेको पुष्टि गर्न सकिन्छ ।

## ५.२ लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति

यस अध्ययनमा काठमाडौँ जिल्लाका कक्षा तिनमा अध्ययनरत जम्मा १० वटा विद्यालयमा सय जना विद्यार्थीलाई नमुनाका रूपमा लिइएर श्रुतिलेखन क्षमता गराई सोही


क्षमतालाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा लैङ्गिकताका आधारमा श्रुतिलेखन क्षमताको स्थितिमा के कस्तो अन्तर रहेको छ भनेर पत्ता लगाउने कोसिस गरिएको छ । जसअनुसार अध्ययनमा देखिएको कुरालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ९**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | कुल प्राप्ताङ्क | औसताङ्क |
|---|---|---|---|
| छात्र | ५० | १८४ | ३.७ |
| छात्रा | ५० | १९८ | ३.९६ |

माथिको तालिकालाई हेर्दा १० वटा विद्यालयका जम्मा ५० जना छात्रहरूको कूल प्राप्ताङ्क १८४ रहेको देखिन्छ भने ५० जना छात्राहरूको कुल प्राप्ताङ्क १९८ रहेको पाइन्छ । यस आधारमा हेर्दा छात्रहरूको औषताङ्क ३.७ रहेको र छात्राहरूको औसताङ्क ३.९६ रहेको पाइन्छ । यसलाई निम्नानुसार स्तम्भ चित्रबाट स्पष्ट पारिएको छ :

**स्तम्भ चित्र नं. ३**




यस अध्ययनमा काठमाडौं जिल्लाका कक्षा तिनमा अध्ययनरत जम्मा १०० जना विद्यार्थीमध्ये छात्रहरूको सङ्ख्यालाई आधार मान्दा पचास र छात्राहरूको सङ्ख्या ५० रहेको

छ । छात्राहरूको कूल प्राप्ताङ्क १९८ र छात्रहरूको कुल प्राप्ताङ्क १८४ रहेको छ । यसरी यस अध्ययनका आधारमा तुलनात्मक समूहको समग्र प्रतिशत ३.८२ रहेको छ । जसमा छात्रहरूको औषताङ्क ३.७ र छात्राहरूको औषताङ्क ३.९६ रहेको छ । यस तथ्याङ्कमा औषताङ्क निकाल्न ( $\bar{X}) = \frac{\Sigma X}{N}$ सुत्रको प्रयोग गरिएको छ । श्रुतिलेखन क्षमताको विश्लेषण गर्ने क्रममा विषयवस्तु, भाषाशैली र वर्णविन्यासमा व्यक्त गरी सोही आधारमा तुलना  गरिएको छ ।

### ५.२.१ विषयवस्तुका आधारमा

छात्र र छात्रबिच श्रुतिलखेन क्षमतामा विषयवस्तुको आधारमा तुलना गर्दा तलको तालिकाबाट गर्न सकिन्छ :

**तालिका नं. १०**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | ६ | १२ | १५ | ३० | २० | ४० | ९ | १८ |
| छात्रा | ५० | ८ | १६ | १७ | ३४ | १४ | ८८ | ११ | २२ |

विषयवस्तुका आधारमा छात्र र छात्रा विद्यार्थीबिच तुलना गर्ने क्रममा श्रुतिलेखनमा उस्तै उस्तै नतिजा देखिन्छ । यस अध्ययनमा पचास छात्र र पचास छात्रा रहेकोमा जम्मा ५० छात्रमध्ेे क्रमशः उत्तम ६ जना, मध्यम १५ जना, सामान्य २० र निम्न ९ जना रहेको पाइन्छ भने छात्राहरूको संख्या उत्तम ८, मध्यम १७, सामान्य १४ जना र निम्न ११ जना रहेको देखिन्छ । जसअनुसार उत्तम वर्गको छात्रको प्रतिशत १२, मध्यम वर्गको छात्रको प्रतिशत ३०, सामान्यको ४० र निम्नको १८ रहेको छ भने छात्रातर्फ उत्तम १६ प्रतिशत, मध्यम ३४ प्रतिशत, सामान्य २८ प्रतिशत र निम्न २२ प्रतिशत रहेका छन् । तुलनात्मक

रूपमा निम्न वर्गका छात्राको छात्रको तुलनामा ३ जनाको कमी  छ भने उत्तम वर्गको छात्रको तुलनामा छात्राको प्रतिशत राम्रो देखिन्छ । तुलनात्मक रूपमा छात्र र छात्रा बिचको शीर्षकअनुसार विषयवस्तुको प्रयोग गराई सन्तोषजनक पाइन्छ ।

### ५.२.२ वर्णविन्यासका आधारमा

काठमाडौं जिल्लाका कक्षा तिनमा अध्ययनरत नमुना छनोटमा परेका १० विद्यालयका १०० जना विद्यार्थीहरूको श्रुतिलेखनमा वर्णविन्यास र लेख्य चिह्नको प्रयोगको तुलनात्मक स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ११**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | ४ | ८ | ६ | १२ | १७ | ३४ | २३ | ४६ |
| छात्रा | ५० | ३ | ६ | ८ | १६ | २१ | ४२ | १८ | ३६ |

वर्णविन्यासका आधारमा प्राप्त नतिजालाई विश्लेषण गर्दा  जम्मा ५० जना छात्रमध्ये उत्तममा ४ जना छात्र अर्थात् ८ प्रतिशत रहेका छन् भने मध्यममा ६ जना अर्थात् १२ प्रतिशत रहेका, सामान्यमा १७ जना अर्थात् ३४ प्रतिशत छात्र छन् भने निम्नमा २३ जना अर्थात् ४६ प्रतिशत छात्र रहेका छन् भने छात्राहरूको प्रतिशतलाई हेर्दा उत्तम ४ जना अर्थात् ६ प्रतिशत, मध्यम ८ जना अर्थात् १६ प्रतिशत, सामान्य २१ अर्थात् ४२ प्रतिशत र निम्न १८ अर्थात् ३६ प्रतिशत रहेको पाइन्छ । यस धारामा के नतिजा निस्कन्छ भने काठमाडौं जिल्लाका कक्षा तिनमा पढ्ने विद्यार्थीको भाषाशैली, वर्णविन्यासको र लेख्य चिह्नको प्रयोग गराइमाा खासै राम्रो नतिजा देखिँदैन । जसमा सबैभन्दा बढी त वर्णविन्यासगत कमजोरी देखिन्छ । जसले गर्दा वर्णविन्यासमा ख्याल नगरेको देखिन्छ ।

### ५.२.३ भाषाशैलीका आधारमा

छात्र र छात्राबिच भाषाशैलीको प्रयोग गर्ने क्षमता कस्तो छ भनी अध्ययन गर्ने क्रममा काठमाडौँ जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीलाई नमुनाका रूपमा प्रयोग गर्दा उक्त कक्षाका विद्यार्थीको श्रुतिलेखन क्षमतामा निम्न प्रकारको नतिजा तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १२**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | १२ | २४ | ८ | १६ | २५ | ५० | ५ | १० |
| छात्रा | ५० | १३ | २६ | १५ | ३० | १५ | ३६ | ४ | ८ |

माथि उल्लेखित तालिकालाई अध्ययन गर्दा पचास जना छात्रमध्ये उत्तम १२ जना उत्तम अर्थात् २४ प्रतिशत, ८ जना मध्यम अर्थात् १६ प्रतिशत, २५ जना सामान्य अर्थात् ५० प्रतिशत, ५ प्रतिशत निम्न अर्थात् १० प्रतिशत रहेका छन् भने छात्राहरूको सङ्ख्या ५० मध्ये उत्तम १३ जना अर्थात् २६ प्रतिशत मध्यम १५ जना अर्थात् ३० प्रतिशत सामान्य १८ जना अर्थात् ३६ प्रतिशत र निम्न ४ जना अर्थात् ८ प्रतिशत रहेका छन् । यस तथ्याङ्कलाई तुलनात्मक रूपमा अध्ययन गर्दा छात्रको भन्दा छात्राको उत्तम प्रतिशत बढी रहेको र सबैभन्दा कम निम्न पनि छात्राको कम भएकाले तुलनात्मक रूपमा हेर्दा छात्रको भन्दा छात्राको भाषाशैलीको प्रयोग गराइ अलि राम्रो देखिन्छ ।

# अध्याय छ

# श्रुतिलेखनसम्बन्धी समस्या तथा निराकरणका उपायहरू

कुनै शीर्षकमा आधारित भई ध्यानपूर्वक एकाग्रताका साथ सुनेर सोही आधारमा लेख्ने कार्य श्रुतिलेखन हो । १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको श्रुतिलेखन क्षमतालाई हेर्दा धेरै जसो समस्याहरू देखिएका छन् । यस्ता प्रकारका समस्याहरू तथा निराकरणका उपायहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

## ६.१ समस्याहरू

श्रुतिलेखन 'अनौठो परीक्षा' नामक कथामा गरिएको छ । यस शीर्षकमा गरिएको श्रुतिलेखनमा निम्नानुसारका समस्याहरू रहेका छन् ।

१. धेरैजसो विद्यार्थीमा एकाग्रतापूर्वक सुन्ने धारणाको कमी पाइन्छ ।

२. वर्णविन्यास र लेख्य चिह्नको ख्याल गरिएको पाइँदैन ।

३. विद्यार्थीमा भाषिक शुद्धता र लेखन अभ्यासको कमी देखिन्छ ।

४. विषयवस्तुमा खासै रुचि नभएजस्तो देखिन्छ ।

५. विद्यार्थीहरूमा सफासँग लेख्ने बानीको कमी देखिन्छ ।

६. तल्लो तहका विद्यार्थीमा बोध गर्ने क्षमता कमजोर देखिन्छ ।

## ६.२ निराकरणका उपायहरू

विद्यार्थीहरूको श्रुति लेखन क्षमतामा पाइएका समस्याहरूको निराकरणका उपायहरूलाई यसरी उल्लेख गर्न सकिन्छ :

१. श्रुतिलेखनसम्बन्धी अभ्यास बढी गराउनु पर्छ ।

२. भाषिक शुद्धताको ख्याल गरी वर्णविन्यासगत कमजोरी हटाएर सफा र शुद्ध लेख्ने बानीको विकास गराउनु पर्छ ।

३. श्रुतिलेखनसम्बन्धी धारणा र सिद्धान्तको बारेमा विद्यार्थीलाई पोख्त बनाउनुपर्छ ।

४. विषयवस्तुप्रति रुचि जगाउन मनोविज्ञानलाई ख्याल गर्नुपर्दछ ।

५. ध्यानपूर्वक सुनेर लेख्य चिह्नको प्रयोगलाई ख्याल गरी लेख्न सिकाउनुपर्दछ ।

६. विद्यार्थीलाई सकेसम्म शान्त र एकाग्र वातावरणमा बोध गर्न सक्ने क्षमताको विकास गराई लेखन सिपको अभ्यास गराउनुपर्छ ।

खास गरेर तल्लो कक्षाका विद्यार्थीहरूमा सुनेर बोध गर्ने क्षमताको विकास पूर्ण रूपले भइसकेको हुदैन । सुन्नको लागि एकान्त वातावरण र निरन्तर अभ्यास गराइरहनुपर्ने हुन्छ । जसको कारणले गर्दा श्रुतिलेखन सम्बन्धी दिनप्रतिदिन समस्याहरू देखा पर्दै गएको छ । विद्यालय तहमा पढ्ने अधिकांश विद्यार्थीहरूमा लेख्य चिह्नसम्बन्धी कमजोरी, वर्णविन्यासगत कमजोर, भाषिक शुद्धता आदिसम्बन्धी कमजोर धेरै हुने गरेको पाइन्छ । यस तहका बालबालिकामा यस्ता विषयसँग भरपुर रूपमा ज्ञान भइसकेको हुँदैन र सोही कारणले गर्दा लेखनसँग सम्बन्धित समस्याहरू सिर्जना हुन पुग्दछ । विद्यार्थीहरूले शिक्षक वा शिक्षिका शिक्षण गर्ने सिलसिलामा विद्यार्थीलाई सक्रियतापूर्वक लेखन सिपको अभ्यास गराउनुपर्दछ । यसका लागि एकाग्रतापूवृक सुनेर सोही सुनाइका आधारमा लेख्न निरन्तर अभ्यास गराउँदै लैजानुपर्दछ । जसले गर्दा उनीहरूले सफा र स्पष्टसँग लेख्ने, भाषिक शुद्धताको ख्याल गर्ने लेख्य चिह्न र वर्णविन्यासगत कमीकमजोरीहरू सुधार गर्दै जाने हुन्छन् । विद्यार्थीलाई निरन्तर रूपमा शिक्षकले खटेर यस्ता अभ्यास गराउने हो भने उनीहरूको लेखाइ सिपसँग सम्बन्धित सम्पूर्ण कार्यकलाप कुशलतापूवृक सञ्चालन गर्न गराउन सकिन्छ । यसरी हेर्दा विद्यालय तहबाट नै बालबालिकालाई यस्ता अभ्यास कुशलतापूर्वक सम्पन्न गराउन सक्नुपर्दछ जसले गर्दा लेखन सिपसँग सम्बन्धित समस्याहरू समाधान हुँदै जान्छ ।

विद्यार्थीहरूमा लेखन सिपको विकास गराउनका लागि शिक्षक वा शिक्षिकाले उनीहरूको मनोविज्ञानलाई बुझ्रेर थप पृष्ठपोषण र हौसला प्रदान गर्दै श्रुतिलेखनसम्बन्धी बढीभन्दा बढी अभ्यास गराउनुपर्दछ । यसका आधारमा विद्यार्थीले गरेको मुख्य कमजोरी ठम्याएर उनीहरूलाई थप हौसला प्रदान गर्दै पृष्ठपोषण दिनाले भाषिक शुद्धतालाई ख्याल

गरी लेख्ने बानीको विकास, वर्णविन्यासगत कमी कमजोरीलाई हटाएर सफा र शुद्धसँग लेख्ने, विषयवस्तुप्रति बढी जिज्ञासु भई चासो राख्ने, लेख्य चिह्नसँग सम्बन्धित कमीकमजोरी भएमा सुधार हुन्छ । खास गरेर जति सक्दो श्रुतिलेखनसँग सम्बन्धित समस्याहरूको निराकरण निरन्तर रूपमा अभ्यास गर्ने गरेर यस्ता कमजोरी निराकरण हुन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

श्रुतिलेखन विद्यालयको तल्लो तहदेखि माथिल्लो तहसम्मका विद्यार्थीलाई सुनेर लेखाइ सिप विकास गराउने प्रभावकारी माध्यम हो । एउटा कुनै शीर्षकमा वा कुनै विषयलाई उच्चारण गरेका आधारमा सुनेर सोही सुनाइका आधारमा लेखन सिपको विकास गर्ने अभिप्रायले श्रुतिलेखनको अभ्यास गराउने मुख्य ध्येय हो । भनेका कुरालाई शान्त वातावरणमा एकाग्र भएर सुनी सोही आधारमा लेखन सिपको विकास गर्नु श्रुति लेखनको प्रयोजन हो ।

यस अध्ययनमा उल्लेख भएका उद्देश्यहरू प्राप्तिका लागि काठमाडौँ जिल्लाका कीर्तिपुर स्थित १० वटा विद्यालयमा अध्ययनरत १०० जना विद्यार्थीहरूलाई नमुना छनोटका रूपमा लिइएको छ । यस अध्ययनमा काठमाडौँ जिल्लाको कीर्तिपुर नगरपालिकाका १० वटा विद्यालय यस अध्ययनमा छनोट गरिएका छन् । यस अध्ययनका उद्देश्यहरू काठमाडौँ जिल्लाका कक्षा तिनमा अध्यनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लिङ्गका आधारमा छात्रा र छात्र विद्यार्थीको श्रुतिलेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु रहेका छन् । छनोटमा परेका विद्यार्थीहरूलाई अध्ययनकर्ताको प्रत्यक्ष सहभागिताबाट एउटा शीर्षक उच्चारण गरिदिएर सोही आधारमा श्रुतिलेखन गराई केही प्रश्नहरू समेत लेख्न लगाइएको छ । जसमा अनौठो परीक्षा शीर्षकमा श्रुतिलेखन गराइएको छ । जसमा प्राप्त उत्तरपुस्तिकालाई विषयवस्तु, वर्णविन्यास र भाषाशैलीबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा व्यक्त गरी तालिकीकरण  गरिएको छ । प्रस्तुत अध्ययनबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरू श्रुतिलेखनमा अगाडि रहेका छन् । जसका आधारमा विद्यार्थीलाई २० मिनेटको समय दिई सोही निश्चित समयमा श्रुतिलेखन गराइएको छ ।

यसरी श्रुतिलेखन पश्चात् विद्यार्थीहरूबाट प्राप्त नतिजालाई विभिन्न भागमा विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत शोध अध्ययन कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता परीक्षणसँग सम्बन्धित छ । प्राथमिक तहको कक्षा तिनमा अध्ययनरत विद्यार्थीलाई अनुसन्धानकर्ता स्वयम्ले विभिन्न खोज र अनुसन्धानका क्रममा प्राप्त गरेको नतिजालाई निष्कर्षका रूपमा लिइएको छ ।

कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखनको समग्र सिपका आधारमा विषयवस्तु, भाषाशैली र वर्णविन्यासलाई आधार मान्दा सामान्य परिणााम देखिएको छ । प्राप्त तथ्याङ्कबाट आएको नतिजालाई हेर्दा समग्र विद्यार्थीको स्थिति सामान्य नै देखिन्छ ।

काठमाडौँ जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीको श्रुतिलेखन क्षमताको अध्ययन गर्दा सामुदायिकभन्दा संस्थागत विद्यालयको नतिजा राम्रो देखिन्छ भने लिङ्गका आधारमा छात्रको भन्दा छात्राको नतिजा राम्रो देखिन्छ । जसका आधारमा के भन्न सकिन्छ भने सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको नतिजा केही राम्रो देखिन्छ ।

यस आधारमा के प्रस्ट हुन्छ भने काठमाडौँ जिल्लाका कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूलाई श्रुतिलेखन कार्यमा सम्मिलित गर्दा विषयवस्तु, वर्णविन्यास र भाषाशैलीलाई तुलनाको आधार बनाइएको छ । जसमा पनि उत्तम, मध्यम, सामान्य र निम्न आधारमा राखेर तुलना गरिएको छ । विद्यालय प्रकृतिका आधारमा तुलना गर्दा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयका विद्यार्थीको नतिजा प्रभावकारी देखिन्छ । लिङ्गका आधारमा मूल्याङ्कन गर्दा छात्रभन्दा छात्राको श्रुतिलेखन क्षमता बढी राम्रो देखिन्छ । यसरी गरिएको अध्ययनको परिणामबाट क्रमशः प्राप्त नतिजालाई निम्नअनुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) श्रुतिलेखन क्षमताको समग्र नतिजालाई हेर्दा ४० प्रतिशतसम्म अङ्क ल्याउने ६२ अर्थात् ६२ प्रतिशत, ४० देखि ५० प्रतिशतसम्म अङ्क ल्याउनेको सङ्ख्या २४ अर्थात् २४ प्रतिशत रहेको छ । त्यसैगरी ५० देखि ६० प्रतिशतसम्म अङ्क

ल्याउनेको सङ्ख्या ९ जना अर्थात् ९ प्रतिशत र ६० भन्दा माथि अङ्क ल्याउने ५ जना अर्थात् ५ प्रतिशत रहेको छ ।

(ख) विषयवस्तुका आधारमा जम्मा सय विद्यार्थीमध्ये उत्तममा ६२ अर्थात् ६२ प्रतिशत, मध्यममा २४ अर्थात् २४ प्रतिशत, सामान्य ९ जना अर्थात् ९ प्रतिशत र निम्न ५ जना अर्थात् ५ प्रतिशत रहेको पाइन्छ । यस तथ्याङ्कअनुसार श्रुतिलेखन क्षमता राम्रो देखिन्छ ।

(ग) वर्णविन्यासका दृष्टिले उत्तममा १५ जना अर्थात् १५ प्रतिशत, मध्यममा २५ प्रतिशत वा १५ जना, सामान्य ३५ जना अर्थात् ३५ प्रतिशत र निम्नमा ३० जना अर्थात् ३० प्रतिशत रहेका छन् । यस आधारमा वर्णविन्यास सम्बन्धी लेखन सिप सन्तोषजनक नै देखिन्छ ।

(घ) भाषाशैलीका दृष्टिमा २० जना उत्तम अर्थात् २० प्रतिशत, मध्यम ४० जना अर्थात् ४० प्रतिशत, सामान्य २५ जना अर्थात् २५ प्रतिशत रहेका छन् भने निम्न १५ अर्थात् १५ प्रतिशत रहेको पाइन्छ । जसका आधारमा प्राप्त नतिजालाई हेर्दा भाषाशैलीको प्रयोग सन्तोषजनक नै छ ।

(ङ) विद्यालय प्रकृतिको आधारमा प्राप्त नतिजालाई हेर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको विषयवस्तुसम्बन्धी परिणामलाई हेर्दा संस्थागत विद्यालयको विद्यार्थीमध्ये उत्तम ४ जना अर्थात् ८ प्रतिशत, मध्यम ६ जना अर्थात १२ प्रतिशत, सामान्य १२ जना अर्थात् २४ प्रतिशत र निम्न २८ जना अर्थात् ५६ प्रतिशत छन् भने सामुदायिक विद्यालयका विद्यार्थीमा उत्तम अङ्क ल्याउने ३ अर्थात् ६ प्रतिशत मध्यम ५ अर्थात् १० प्रतिशत, सामान्य १० अर्थात् २० प्रतिशत र निम्न ६४ प्रतिशत अर्थात् ३२ जना रहेका छन् । यस आधारमा सामुदायिक विद्यालयका विद्यार्थीमा भन्दा संस्थागत विद्यालयका विद्यार्थीमा श्रुतिलेखन क्षमता राम्रो रहेको पाइन्छ ।

(च) भाषाशैलीका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीमध्ये उत्तम १० जना अर्थात् २० प्रतिशत, मध्यम १६ जना अर्थात् ३२ प्रतिशत, सामान्य २० जना अर्थात्

४० प्रतिशत र निम्न ४ अर्थात् ८ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयको विद्यार्थी सङ्ख्या हो । त्यसैगरी संस्थागत विद्यालयमा ८ जना अर्थात् १६ प्रतिशत मध्यम २० अर्थात् ४० प्रतिशत सामान्य १८ जना अर्थात् ३६ प्रतिशत र निम्न ४ जना अर्थात् ८ प्रतिशत रहेको पाइन्छ । भाषाशैलीका आधारमा दुबै विद्यालयका विद्यार्थीको स्तर सन्तोषजनक छ ।

(छ) वर्णविन्यासका आधारमा सामुदायिक र संस्थागत विद्यालयको नतिजालाई हेर्दा सामुदायिकतर्फ उत्तम २ जना अर्थात् ४ प्रतिशत, मध्यम १४ जना अर्थात् २८ प्रतिशत, सामान्य २२ जना अर्थात् ४४ प्रतिशत र निम्न १९ जना अर्थात् ४८ प्रतिशत रहेका छन् भने संस्थागततर्फ उत्तम ६ जना अर्थात् १२ प्रतिशत, मध्यम ९ जना अर्थात् १८ प्रतिशत, सामान्य ११ जना अर्थात् २२ प्रतिशत छन् भने निम्न १९ जना अर्थात् ३८ प्रतिशत रहेका छन् । यस तालिकालाई अध्ययन गर्दा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको वर्णविन्यासगत कमजोरी देखिन्छ । तर पनि संस्थागत विद्यालयको केही राम्रो भए पनि अझ सुधार गर्नुपर्ने हुन्छ ।

(ज) लिङ्गका आधारमा छात्रहरूमध्ये विषयवस्तुको आधारमा उत्तममा ६ जना अर्थात् १२ प्रतिशत, मध्यम १५ जना अर्थात् ३० प्रतिशत, सामान्य २० जना अर्थात् ४० प्रतिशत र निम्न ९ जना अर्थात् १८ प्रतिशत छन् भने छात्रातर्फ उत्तम ८ जना अर्थात् १६ प्रतिशत, मध्यम १७ जना अर्थात् ३४ प्रतिशत, सामान्य १४ जना अर्थात् २८ प्रतिशत र निम्न ११ जना अर्थात् २२ प्रतिशत रहेका छन् । यस तालिकालाई अध्ययन गर्दा छात्रभन्दा छात्राको नतिजा राम्रो देखिन्छ ।

(झ) वर्णविन्यासका आधारमा छात्रको नतिजा उत्तम ४ जना अर्थात् ८ प्रतिशत, मध्यम ६ जना अर्थात् १२ प्रतिशत, सामान्य १७ जना अर्थात् ३४ प्रतिशत र निम्न २३ जना अर्थात् ४६ प्रतिशत रहेको पाइन्छ भने छात्रातर्फ उत्तम ३ जना, मध्यम ८ जना, सामान्य २१ जना र निम्न १८ जना रहेका छन् भने यिनीहरूको क्रमशः प्रतिशत ६, १६, ४२ र ३६ रहेको छ । यस आधारमा हेर्दा के स्पष्ट हुन्छ भने लेख्य चिह्न, भाषाशैली, वर्णविन्यास र भाषाशैली काठमाडौँ जिल्लाका कक्षा तिनमा पढ्ने विद्यार्थी देखिएकाले थप सुधार गर्नुपर्ने देखिन्छ ।

(ञ) भाषाशैलीका आधारमा प्राप्त नतिजालाई हेर्दा छात्र १२ जना अर्थात् २४ प्रतिशत उत्तम, मध्यम ८ जना अर्थात् १६ प्रतिशत, सामान्य २५ जना अर्थात् ५० प्रतिशत र निम्न ५ जना अर्थात् १० प्रतिशत रहेको पाइन्छ । त्यसैगरी छात्राहरूको भाषाशैलीलाई हेर्दा उत्तम १३ जना अर्थात् २६ प्रतिशत, मध्यम १५ अर्थात् ३० प्रतिशत, सामान्य १८ जना अर्थात् ३६ प्रतिशत र निम्न ४ अर्थात् ८ प्रतिशत रहेका छन् । यस तालिकालाई अध्ययन गर्दा तुलनात्मक रूपमा छात्राको भाषाशैली राम्रो देखिन्छ ।

## ७.३ उपयोगिता

भाषा वाक्प्रतीकहरूको यादृच्छिक व्यवस्था हो अर्थात् भाषा विचार विनिमयको प्रभावकारी माध्यम भएकाले यसलाई प्रमुख माध्यमका रूपमा हेर्ने गरिन्छ । भाषाका मूलतः दुईवटा रूपहरू हुने गर्दछन् मौखिक र लिखित । मौखिक विचार वा भावनालाई लिपिबद्ध गर्ने काम लिखित रूपले गर्दछ । भाषाका चारवटा सिपमध्ये लेखाई सिपले मौखिक भाषाको स्वरूपलाई औपचारिकता प्रदान गर्ने गर्दछ । श्रोताले वा व्यक्तिले सुनेका, दुखेका, जानेका, अनुभव गरेका कुराहरूलाई पछिसम्म स्मरणका लागि राखिराख्न र आवश्यक परेको बेला पुनः प्रयोगमा ल्याउन लेखाइ सिपले महत्त्वपूर्ण भूमिका खेल्दछ ।

श्रुतिलेखनका माध्यमबाट विद्यार्थीको बोध क्षमता बुझी सोही आधारमा अभिव्यक्ति स्तर पत्ता लगाउन सजिलो हुन्छ । श्रुतिलेखनले विद्यार्थीले गर्ने व्याकरणात्मक, वर्णविन्यासगत, लेख्य चिह्नको प्रयोग, बोध क्षमता आदिको मूल्याङ्कन गरी सोहीसम्बन्धी त्रुटि निराकरण गर्न सहयोग गर्दछ । लेखन सिप विकासको महत्त्वपूर्ण पक्ष श्रुतिलेखन हो । भनेका कुरालाई ध्यानपूर्वक सुनी देखेका वा नदेखेका पाठहरू समेत श्रुतिलेखन गर्न गराउन सकिन्छ साथ साथै रेकर्ड गरिएका कुरा समेत सुन्न लगाई सोहीसम्बन्धी अभ्यास गराउन सकिन्छ ।

प्राथमिक तहका विद्यार्थीहरूलाई उक्त तहको लेखाई सिपसम्बन्धी निर्धारण गरिएका निश्चित उद्देश्यहरू प्राप्त गर्न विद्यार्थीहरूमा सिर्जनात्मक एवम् बोधात्मक क्षमताको विकास गराउन साथसाथै वर्णविन्यासगत त्रुटि हटाई लेख्य चिह्नको प्रयोग उचित तरिकाले गर्न

सक्ने बनाउन श्रुतिलेखन उपयोगी मानिन्छ । श्रुतिलेखनका उपयोगिताअन्तर्गत नीतिगत तह र व्यावहारिक तह निम्न रहेका छन् :

### ७.३.१ नीतिगत तह

१. यस शोध अध्ययनले विद्यार्थीहरूको क्षमता र आवश्यकतालाई ध्यानमा राखी श्रुतिलेखन कार्यलाई पाठ्यक्रममा उचित व्यवस्थाका साथ समावेश गर्न सहयोग पुऱ्याउँछ ।

२. यस शोध अध्ययनले वर्तमान समयमा विद्यार्थीको रुचि केमा छ, क्षमता कस्तो छ र कुन स्तरमा कस्तो क्षमता र रुचि छ जस्ता पक्षलाई ध्यानमा राखी पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सामग्रीहरूको निर्माणमा सहयोग पुऱ्याउँछ ।

३. प्रस्तुत अध्यनबाट श्रवणीय दृष्टिले पुस्तकको कठिनाइ स्तर मापन गर्न मद्दत गर्दछ ।

४. यस अध्ययनले विद्यार्थीको श्रुतिलेखन क्षमताको मूल्याङ्कन गरी कक्षा शिक्षणमा थप सहयोग पुऱ्याउँछ ।

५. यस अध्ययनले नेपाली भाषा शिक्षण गर्ने शिक्षक तथा शिक्षिकालाई थप अध्ययन अध्यापन गर्न थप सहयोग पुग्नेछ ।

६. यस शोध अध्ययनले वर्तमान शैक्षिक नीति नियमलाई समयानुकूल परिमार्जन गर्न सहयोग पुऱ्याउँछ ।

७. यस अध्ययनले नेपाली भाषाको श्रुतिलेखन क्षमतासँग सम्बन्धित अन्य अध्ययनका लागि आधार बन्नेछ ।

८. विद्यार्थीको मनोविज्ञान बुझी सोहीअनुसार शिक्षण गर्न समेत मद्दत पुग्नेछ ।

### ७.३.२ व्यावहारिक तह

१. शिक्षक र विद्यार्थी दुबै पक्षलाई लेखन सम्बन्धी आइपरेका विविध समस्याहरूको पहिचान गरी समाधान गर्न सहयोग पुऱ्याउँछ ।

२. विद्यार्थीको (लेखन) अभिव्यक्ति क्षमताको विकास गर्न सहयोग पुऱ्याउँछ ।

३. भाषा शिक्षणसम्बन्धी क्रियाकलापलाई उद्देश्यमूलक र उपलब्धिमूलक बनाउन सहयोग गर्दछ ।

४. विद्यार्थीको रुचि क्षमता र स्तरअनुसार शिक्षण गर्न सहयोग गर्दछ ।

५. शिक्षकहरूलाई शिक्षक निर्देशिका हेरी शिक्षण गर्न सहयोगी भूमिका निभाउँछ ।

६. व्यावहारिक रूपमा सिकेका कुराहरू दीर्घकालीन हुने भएकाले सकेसम्म बढीभन्दा बढी विद्यार्थीलाई सक्रिय गराएर लेखनमा लगाउन सकिन्छ ।

७. सम्बन्धित विषयमा विद्यार्थीले कतिको रुचि राख्दछन् भनेर खोजी गर्नका लागि शिक्षकले विभिन्न कार्यकलापहरू अपनाएर शिक्षण गर्दा विद्यार्थीहरूको लेखन क्षमतामा सुधार आउँछ ।

# सन्दर्भ सूची

अधिकारी, दीपकप्रसाद (२०७२), *अछाम जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, विष्णुप्रसाद (२०७३), *माध्यमिक शिक्षक स्रोत सामग्री,* काठमाडौं : आशिष बुक्स हाउस प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज (२०५०), *नेपाली भाषा शिक्षण,* काठमाडौं : कुञ्जल प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा केदारप्रसाद (२०७१), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, सुस्मा (२०६८), *कक्षा आठमा अध्ययनरत दृष्टियुक्त र दृष्टिविहिन विद्यार्थीहरूको श्रुतिबोध क्षमताको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

निरौला, सुस्मा (२०७२), *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखरेल, रामप्रसाद (२०६४), *कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६७), *दोस्रो भाषाका रूपमा नेपाली शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., कमलपोखरी ।

बन्धु, चूडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, गणेशप्रसाद (२०७३), *माध्यमिक शिक्षक स्रोत सामग्री,* काठमाडौं : मकालु प्रकाशन गृह ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

भण्डारी, विष्णुबहादुर (२०७२), *बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, सावित्रीकुमारी (२०७२), *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।